# राजस्व सुधार कार्ययोजना

(२०८०-८१ देखि २०८२-८३)




**मिर्चैया नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

मिर्चैया, सिराहा

मधेश प्रदेश, नेपाल

| | |
|---|---|
| दस्तावेजको नाम | मिर्चैया नगरपालिकाको राजस्व सुधार कार्ययोजना |
| सहकार्य | प्रदेश अनसुन्धान तथा प्रशिक्षण केन्द्र, जनकपुरधाम |
| परामर्शदाता | शताव्दी रिसर्च इन्सटिच्युट प्रा. लि., नयाँबानेश्वर, काठमाण्डौं |
| साल | २०८० |

# भनाई

संघीय संरचना अनुसार स्थानीय सरकार भई यस मिर्चैया नगरपालिकाले जनताको नजिकको सरकारको प्रत्याभूत गराउँदै आफ्नो गतिविधिलाई अगाडी बढाईरहेको छ । संघ, प्रदेश र अन्य दातृ निकायहरू प्राप्त सहयोग र नगरपालिकाको आफ्नै स्रोतबाट विकासका गतिविधिहरू संचालन गर्दै आएको यस नगरपालिकाले जनताको चाहना र दिनप्रतिदिन बढ्दै गएको जनअपेक्षालाई पुरा गराउन स्रोत अपुग भईरहेको महसुस गरेका छौं । बाह्य सहयोगले मात्र जनअपेक्षा पूरा हुने नभएकोले यस नगरपालिकाले पनि आफ्नो आय वृद्धि गर्नुपर्ने महसुस गरिरहेको समयमा प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रको सहयोगमा यस राजस्व सुधार कार्ययोजना तयार गर्न पाउँदा खुशी लागेको छ । यस सहयोगको लागि केन्द्रलाई र स्थानीय तहको स्रोत संभाव्यताको अध्ययन गरी राजस्व सुधार कार्य योजना तयार गर्ने कार्यमा परामर्श सेवा प्रदान गर्ने शताव्दी रिसर्च इन्सटिच्युट प्रा. लि., नयाँबानेश्वर, काठमाणडौंलाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं । यस नगरपालिकाको राजस्व सुधार कार्य योजना तर्जुमा कार्यलाई साकार बनाउन राजस्व परामर्श समितिको संयोजकको हैसियतमा नगर उपप्रमुख श्री जिवछी देवी साहको योगदानको उच्च कदर गर्दै यस नगरपालिकाका वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरुले प्रदान गर्नु भएको सुझाव र सहयोगको सराहना गर्दछु।

नगरपालिकाको तर्फबाट यस कार्ययोजना तर्जुमाका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने प्रमुख प्रशासकीय अधिकृत श्री विजय कुमार महतो तथा शाखा प्रमुख लगायत यस कार्यमा संलग्न कर्मचारीहरूलाई धन्यवाद ज्ञापन गर्दछु । कार्ययोजना तर्जुमाको विभिन्न चरणमा सुझाव सल्लाह दिएर सहयोग पुर्याउनु हुने सबै सरोकारवालाहरुलाई नगरपालिकाको तर्फबाट आभार प्रकट गर्दछु । अन्त्यमा यस राजस्व सुधार कार्ययोजना कार्यान्वयन हुने प्रतिवद्धता सहित आगामी दिनमा समेत प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट यस नगरपालिकाको संस्थागत क्षमता विकासका लागि आवश्यक सहयोगको अपेक्षा गर्दछु ।

............................

श्री श्रवण कुमार यादव

(नगर प्रमुख)

# बिषय-सूची


परिच्छेद एक ........ १
परिचय ........ १
१.१ पृष्ठभूमि १
१.२ राजस्व सुधार कार्ययोजनाको औचित्य ........ ३
१.३ राजस्व सुधार कार्ययोजनाले राखेका उद्देश्यहरू ........ ४
१.४ योजना तर्जुमा विधि र प्रक्रिया ........ ५
१.४.१ सन्दर्भ सामाग्री सङ्कलन तथा अध्ययन ........ ७
१.४.२ नगरपालिकासँग सम्पर्क, छलफल र सूचना सङ्कलन विधि निर्धारण ........ ८
१.४.३ तथ्याङ्क /सूचना सङ्कलन ........ ९
१.४.४ राजस्व सुधार कार्ययोजना तयारी तथा राजस्व प्रक्षेपण ........ ९
१.४.५ राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन तथा अनुशरण ........ ९
१.५ योजनाका सीमाहरू ........ १०
परिच्छेद दुई ........ ११
नगरपालिकाको संक्षिप्त परिचय ........ ११
२.१ संक्षिप्त परिचय ........ ११
२.१.१ अवस्थिति ........ १२
२.१.२ भू-बनोट र प्राकृतिक स्रोतहरू ........ १२
२.१.३ जनसङ्ख्या ........ १२
२.१.४ भू-उपयोग ........ १४
२.१.५ साँस्कृतिक अवस्था ........ १४
२.१.६ आर्थिक अवस्था ........ १४
२.१.७ सामाजिक अवस्था ........ १६
२.१.८ भौतिक अवस्था ........ १७
२.२ मानव संसाधनको अवस्था ........ १९
२.३ भौतिक सम्पत्तिको अवस्था ........ १९
परिच्छेद तीन ........ २०
स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता ........ २०
३.१ नगरपालिकाको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था ........ २०
३.२ नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था ........ २५
३.३ आन्तरिक स्रोत तर्फका राजस्व संकलनको प्रमुख क्षेत्रहरू र सम्भावना विश्लेषण ........ २७
३.३.१ कर राजस्व ........ २७

घरको स्वामित्व अनुसार परिवार संख्या ........ ३०
३.३.२ गैह्र कर राजस्व ........ ३५
परिच्छेद चार ........ ४०
आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था ........ ४०
४.१ राजस्व परिचालन सम्बन्धी नीतिहरू ........ ४३
४.२ आय संकलनको संस्थागत क्षमता (राजस्व शाखा तथा राजस्व प्रशासन) ........ ४३
४.२.१ राजस्व शाखामा कार्यरत कर्मचारीहरूको विवरण ........ ४४
४.२.२ राजस्व परामर्श समिति ........ ४४
४.२.३ राजस्व प्रशासनमा सुधार गर्नुपर्ने पक्षहरू ........ ४५
४.३ नगरपालिकाको आन्तरिक आय परिचालन ........ ४६
४.३.१ कानूनी तथा नीतिगत व्यवस्था ........ ४६
४.३.२ उपयुक्त संगठन निर्माण ........ ४७
४.३.३ तथ्याङ्कमा आधारित अभिलेख तथा स्रोतहरूको प्राथमिकीकरण ........ ४७
४.३.४ विभिन्न आयमूलक कार्यक्रम ........ ४७
४.३.५ पारदर्शिता र जवाफदेहिता ........ ४८
४.४ राजस्व परिचालनमा रहेका सवालहरू ........ ४८
परिच्छेद पाँच ........ ४९
राजस्व सुधार कार्ययोजना ........ ४९
परिच्छेद छ ........ ५९
आगामी तीन वर्षको आय प्रक्षेपण ........ ५९
६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ........ ५९
६.२ आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण ........ ६६
परिच्छेद सात ........ ६८
अपेक्षित नतिजा ........ ६८
परिच्छेद आठ ........ ७१
कार्य योजनाको अनुगमन तथा मूल्याङ्कन ........ ७१
अनुसूची १: तथ्याङ्क सङ्कलन सूची ........ ७४
अनुसूची २: विषयगत विश्लेषणको नमूना फाराम ........ ७६
अनुसूची ३ — तस्विर तथा माइन्युटह ........ ८७

## तालिकाहरूको विवरण


*तालिका नं. १: मिचैंया नगरपालिकाको वडागत घरधुरी र जनसङ्ख्या विवरण*........................................११
*तालिका नं. २: मिचैंया नगरपालिकाको वडागत घरधुरी र जनसङ्ख्या विवरण*........................................१३
*तालिका नं. ३: मिचैंया नगरपालिकाको आर्थिक क्रियाकलापमा संलग्नता अनुसारको जनसंख्या (प्रतिशतमा)*.......१५
*तालिका नं. ४: तुलनात्मक साक्षरता दर प्रतिशतमा*........................................१६
*तालिका नं. ५ : नगरपालिकाको आय परिचालनको अवस्था*........................................२५
*तालिका नं. ६: राजस्व परामर्श समिति विवरण*........................................४४
*तालिका नं. ७: राजस्व सुधार कार्ययोजना*........................................४९
*तालिका नं. ८: तीन आर्थिक बर्षको लागि आय प्रक्षेपण*........................................६०
*तालिका नं. ९: नगरपालिकाको आय संरचना*........................................६७


## चित्रहरूको विवरण:


चित्र नं. १ : वित्तीय हस्तान्तरण प्रक्रिया........................................२
चित्र नं. २ : राजस्व सुधार कार्ययोजनाको औचित्य........................................४
चित्र नं. ३ : कार्ययोजना तर्जुमाका चरणहरू........................................६
चित्र नं. ४ : नगरपालिकाको नक्सा........................................१२
चित्र नं. ५ : वडागत रुपमा जनसंख्याको वितरण........................................१३
चित्र नं. ६ : उमेर अनुसार जनसंख्याको वितरण........................................१५
चित्र नं. ७ : १० वर्ष र सोभन्दा माथिका व्यक्तिको आर्थिक क्रियाकलापमा संलग्नता अनुसारको जनसंख्या...१५
चित्र नं. ८ : परिवारले प्रयोग गर्ने शौचालयको प्रकार अनुसार परिवार संख्या........................................१७
चित्र नं. ९ : बत्ति बाल्न प्रयोग गर्ने इन्धन अनुसार परिवार संख्या........................................१७
चित्र नं. १० : खानेपानीको स्रोत अनुसार परिवार संख्या........................................१८
चित्र नं. ११ : खाना पकाउन प्रयोग गर्ने इन्धन अनुसार परिवार संख्या........................................१८
चित्र नं. १२ : एकल तथा साझा अधिकार सम्बन्धी विवरण........................................२४
चित्र नं. १३ : घरको छाना अनुसार परिवार संख्या........................................२९
चित्र नं. १४ : घरको स्वामित्व अनुसार परिवार संख्या........................................३०
चित्र नं. १५ : स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन........................................४०
चित्र नं. १६ : स्थानीय तह वित्तीय सुशासन जोखिम स्वमूल्याङ्कन........................................४२
चित्र नं. १७ : नगरपालिकाको आगामी तीन वर्षको आन्तरिक आय प्रक्षेपण........................................६७

# परिच्छेद एक

# परिचय

## १.१ पृष्ठभूमि

नेपालको राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्ने गरी तीनवटै तहको कार्यजिम्मेवारी निर्धारण नेपालको संविधान २०७२ अनुसार गरिएको छ । संविधान मै स्थानीय, प्रदेश र संघ गरी तिनवटै तहलाई विभिन्न कर तथा गैर करहरू लगाउने र उठाउने अधिकारको व्यवस्था गरिएको छ । ती अधिकारहरूलाई कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने कानुनहरू तयार गर्ने क्रममा स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य आवश्यक संघीय कानुनहरू समेत जारी भैसकेकाछन् । सोही अनुसार स्थानीय सरकारको राजस्व परिचालनका लागि केही हदसम्म आवश्यक कानुनी आधारहरू तयार भएका छन् । स्थानीय सरकारले आ-आफ्नो क्षेत्रमा सेवा प्रवाह तथा विकास निर्माणको क्षमतालाई वृद्धि गर्नको लागि आय संकलन तथा परिचालन क्षमतालाई वृद्धि गर्न जरुरी हुन्छ । सो कार्यको लागि आय परिचालन क्षमतामा पनि सुधार गर्न आवश्यक हुन्छ । यस बाहेक प्राकृतिक तथा अन्य मानवीय कारणले अकस्मात सिर्जना हुने प्रतिकुल परिस्थितिलाई सामना गर्नसक्ने गरी उत्थानशील हुन पनि आय परिचालन क्षमता सुदृढ हुनु पर्दछ ।

स्थानीय सरकारले प्राप्त गरेको कार्यजिम्मेवारीहरू पुरा गर्न आवश्यक पर्ने स्रोत र साधनको परिपूर्तिका लागि सङ्घ तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान प्राप्त गर्ने व्यवस्था छ । सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त हुने यस्तो अनुदानले मात्र स्थानीय तहको आवश्यकता र कार्यजिम्मेवारीहरू पुरा गर्न सम्भव छैन । सङ्घीय वित्त व्यवस्थापनका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैर कर लगाउने र उठाउने गरी राजस्व अधिकार समेत संवैधानिक रुपमै प्राप्त भएको छ । अनुदान र राजस्व अधिकार बाहेक स्थानीय तहले कानुन बमोजिम राजस्व बाँडफाँड बापत रकम प्राप्त गर्नसक्ने र नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण तथा बैदेशिक सहायता लिन सक्ने कानुनी व्यवस्था छ । नगरपालिकाको लक्ष्य पूरा गर्नका लागि आवश्यकता पर्ने स्रोतका लागि नगरपालिकाले आफ्नो आन्तरिक स्रोत वृद्धि गर्नु पर्दछ । संघीय व्यवस्था अनुसार तीन तहको सरकार भएसंगै स्थानीय तहमा गरिने वित्तीय हस्तान्तरण प्रक्रियालाई तलको चित्रमा देखाईएको छ :

### चित्र नं. १ : वित्तीय हस्तान्तरण प्रक्रिया




नेपालमा संघियताको अभ्यास नयाँ भएको र स्थानीय तहलाई प्राप्त कतिपय अधिकारहरू पनि नयाँ भएकोले नीति तथा कार्यविधि, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्याङ्क प्रणालीको स्थापना, आयको सम्भावना अध्ययन, नियन्त्रण प्रणालीको स्थापना जस्ता विषयमा प्रयाप्त जानकारी पुगेको छैन ।

आफूलाई प्राप्त भएको कार्य जिम्मवारी अनुसारको खर्च धान्न र वित्तीय सामर्थ्य वृद्धि गर्नका लागि स्थानीय तहले आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि गर्नु पर्ने हुन्छ । सो को लागि स्थानीय तहले आफ्नो क्षेत्र भित्र राजस्व अधिकारका सम्भावनाहरूको खोजी गर्ने, सम्भाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यवस्थापकीय सुधारका उपायहरू पहिचान गरी कार्यान्वयनमा ल्याउनु पर्ने हुन्छ । ती उद्देश्य पुरा गर्न आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजस्व सुधार कार्ययोजनाको खाँचो देखिएको छ, तसर्थ राजस्व सम्बन्धी वर्तमान स्थिति अध्ययन, विश्लेषण गरी राजस्व सुधारका लागि गर्नुपर्ने कार्यहरूको पहिचान गर्ने, समग्र राजस्व प्रशासनलाई सुदृढ गर्ने तथा त्यसका आधारमा आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण कार्यमा सहजीकरण गर्ने प्रयोजनाका लागि अवलम्बन गर्नुपर्ने क्रियाकलापहरू सहितको राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan) तयार गरिएको छ ।

राजस्व सुधार कार्ययोजना तर्जुमाको क्रममा नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारवाला पक्षहरूले राजस्व परिचालनको क्षेत्रमा आधारभूत अभिमुखीकरण, नगरपालिकाको आन्तरिक आय सुधारका लागि सहभागितात्मक विधिबाट समस्या तथा अवसरहरूको पहिचान गरी मुख्य उपलब्धिका रुपमा नगरपालिकाको कार्ययोजना तयारी र आय सम्भाव्यताको विश्लेषण गरी नगरपालिकाको आय प्रक्षेपणलाई मार्गदर्शन हुने खालका क्रियाकलापहरु गरिएका छन् ।

## १.२ राजस्व सुधार कार्ययोजनाको औचित्य

स्थानीय सरकारलाई प्राप्त कार्यजिम्मेवारी जिम्मेवारीहरू पुरा गर्न आवश्यक स्रोतको व्यवस्था गर्दा अन्तरसरकारी वित्तीय हस्तान्तरणको साथै आफ्नो कार्यक्षेत्रमा तोकिएका स्रोतबाट राजस्व परिचालन गरी साधन स्रोतहरूको व्यवस्था गर्नु पर्ने हुन्छ । नगरबासीको चाहना बमोजिम विकास तथा अन्य खर्च धान्नका लागि आवश्यक सामर्थ्य अभिवृद्धि गर्न पनि स्थानीय सरकारहरूको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि गर्नै पर्ने हुन्छ । यसका लागि आय सम्भावनाहरूको खोजी गर्न, सम्भाव्य क्षेत्रको राजस्व परिचालनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत, कानूनी र व्यवस्थापकीय सुधारका उपायहरू पहिचान गरी तिनको यथोचित कार्यान्वयन गर्न र ती सबै प्रयासका आधारमा आगामी दिनमा परिचालन गर्न सकिने वास्तविक आन्तरिक आयको प्रक्षेपण गर्ने कार्यका लागि राजस्व सुधार कार्ययोजना एक महत्वपूर्ण औजारको रुपमा प्रयोग गर्न सकिन्छ ।

स्थानीयवासीहरूले आफुले तिरेको करको सदुपयोग भए नभएको निगरानी गर्ने र यस विषयमा नियमित रुपमा आफ्नो नगरपालिकासँग प्रश्न सोध्ने हुनाले नगरपालिका पनि जनताप्रति सोझै उत्तरदायी हुन्छ । स्थानीय तहले आन्तरिक स्रोतबाट परिचालन गरेको राजस्व खर्च गर्दा कुनैपनि बाह्य शर्तहरू पालना गर्नु नपर्ने भएकोले यसको मात्रा जति बढी भयो त्यति बढी मात्रामा स्वायत्तताको अनुभूति गर्दछन् । यसरी स्थानीय तह र प्रदेश तहले जति बढी स्वायततापूर्वक काम गर्न पाउँछन् त्यति नै सङ्घीयता सफल र सुदृढ हुँदै जाने मान्यता छ ।

लामो समयसम्म पनि आन्तरिक स्रोत तथा राजस्व कमजोर भै निरन्तर सङ्घ तथा प्रदेशबाट प्राप्त हुने अनुदानमा नै भर पर्नुपर्ने अवस्था भएमा स्थानीय सरकारको स्वायत्तता तथा दीगोपनमा प्रश्नचिन्ह लाग्ने हुँदा स्थानीय सरकारहरूले समयमै कानुनले अख्तियारी दिएका क्षेत्रमा आन्तरिक राजस्वको सम्भावना अध्ययन गरी कानुनसम्मत रुपमा राजस्वको क्षमता विस्तार गर्दै जानु पर्दछ । स्थानीय तहलाई कानूनले दिएका अधिकार प्रयोग गरी वित्तीय रुपमा सवल र सक्षम बनाउन राजस्व परिचालन सम्बन्धी ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्दै सार्वजनिक विकास निर्माण र सेवा प्रवाहमा सक्षम बनाउन आवश्यक छ ।नगरपालिकाले सम्पन्न गरेको स्थानीय तहको संस्थागत क्षमता स्व-मूल्याङ्कन र स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकनले देखाएका सुधारका क्षेत्रहरूमा तदनुरुप आवश्यकता र मागमा आधारित क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्दै लैजानु आवश्यक छ ।

आफ्नो अधिकार क्षेत्रभित्र उपलब्ध आन्तरिक आयका स्रोतहरूबाट सम्भाव्य राजस्व परिचालन गर्न र यसमा सुधार ल्याउन नगरपालिकाले बाह्य वातावरण तथा राजस्व प्रशासनको समेत विश्लेषण गर्नुपर्ने हुन्छ । यसैले राजस्व परिचालनमा सुधारका कृयाकलापहरू पहिचान गरी सोको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने राजस्वको प्रक्षेपण गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को प्रावधान बमोजिम यो राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ । नगरपालिकाको आन्तरिक आय परिचालनमा सुधार ल्याउनको लागि राजस्व सुधारका कृयाकलापहरू पहिचान गर्न र पहिचान गरिएका कृयाकलापहरूको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण गर्ने कार्यका लागि यो राजस्व सुधार कार्ययोजना निर्माण गर्न लागिएको छ । यस राजस्व सुधार कार्ययोजनाबाट नगरपालिकालाई आफ्नो आन्तरिक आय परिचालन सुधारका साथै राजस्व प्रक्षेपणलाई यथार्थपरक, समन्यायिक, सहभागितामूलक र वैज्ञानिक बनाई बजेट तर्जुमा प्रकृयालाई थप

व्यवस्थित गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ । राजस्व सुधार कार्ययोजना तर्जुमाको औचित्यको सांराशलाई निम्न चित्रमा प्रस्तुत गरिएको छ ।

**चित्र नं.२ : राजस्व सुधार कार्ययोजनाको औचित्य**




## १.३ राजस्व सुधार कार्ययोजनाले राखेका उद्देश्यहरू

यस राजस्व सुधार कार्ययोजनाको मुख्य उद्देश्य नगरपालिकाको आन्तरिक आयका सम्भावनाहरूको पहिचान तथा अधिकतम परिचालनका लागि देखिएका समस्याहरू न्यूनीकरण गर्नु तथा कार्ययोजना तयार गरी सोको आधारमा आगामी ३ वर्षको आय प्रक्षेपण गर्ने कार्यमा नगरपालिकालाई सहयोग पुर्याउनु रहेको छ । यस योजनाका निर्दिष्ट उद्देश्यहरू यस प्रकार रहेका छन् :

- नगरपालिकाका जनप्रतिनिधिहरू तथा कर्मचारीहरूलाई राजस्व सुधार कार्ययोजना सम्बन्धी अभिमुखीकरण गर्ने ।

- शीर्षकगत सम्भावित करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- राजस्व वृद्धिको लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- स्थानीय तहको राजस्व प्रशासनको संगठनात्मक सङ्कलन तथा बिलिङ्ग पद्धति र आन्तरिक नियन्त्रण प्रणाली सहित नगरपालिकाको राजस्व प्रशासन तथा यसको कार्यकुशलताको विश्लेषण गर्ने ।
- स्थानीय तहको आन्तरिक आय वृद्धिका सम्भावनाहरू पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढीकरण कार्ययोजना तयार गर्ने ।
- नयाँ सम्भावनाहरूको पहिचान गर्दै स्थानीय तहले अपनाउनुपर्ने सुधार रणनीति सहितको राजस्व सुधार कार्ययोजना तयार गर्ने ।
- स्थानीय तहको विद्यमान आर्थिक ऐन पुनरावलोकन गरी आगामी आर्थिक वर्षमा सुधारका लागि सुझाव प्रदान गर्ने ।
- आन्तरिक आयमा वृद्धि गरी नगरपालिकालाई आत्मनिर्भर बनाउन तथा स्थानीय क्षेत्रको विकासमा सहयोग पुर्याउने ।

## १.४ योजना तर्जुमा विधि र प्रक्रिया

यस नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने क्रममा नगरपालिकाका पदाधिकारी, कर्मचारी, सम्बन्धित समितिहरू र सरोकारवालाहरूको अपनत्व र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सहभागितामूलक विधि अवलम्बन गरी तयार गरिएको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी गरिएको स्थानीय तहको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७६ मा आधारित भै यो कार्य योजना तयार गरिएको छ । साथै स्थानीय आवश्यकता अनुसार सम्भाव्य स्थानीय राजस्वका स्रोतहरूलाई समेट्ने उद्देश्यले तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको छ । सामान्य प्रशासन मन्त्रालयद्वारा जारी निर्देशिका बमोजिम कार्ययोजना तर्जुमाका चरणहरू यसप्रकार रहेका छन् :

चित्र नं. ३ : कार्ययोजना तर्जुमाका चरणहरू




नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा गर्ने कार्यक्रम सम्बन्धमा भएका छलफलहरू अनुसार नगरपालिकाबाट आवश्यक सन्दर्भ सामग्री सङ्कलन गरिएको थियो । राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि निम्न विधि र प्रकृया अवलम्वन गरिएको थियो :

- नगरपालिकामा कार्य प्रारम्भ गर्नुभन्दा पहिला परामर्शदाताले सम्बन्धित विज्ञ वा तोकिएको कर्मचारीहरूसँग नगरपालिकामा गर्नुपर्ने कार्यको योजना बनाई छलफलबाट अन्तिम रुप दिई अगाडि बढाईएको थियो ।
- नगरपालिकाबाट राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यको गुणस्तर सुनिश्चितताका लागि अनुगमन र फलोअपको काम भएको छ । सो कार्यका लागि परामर्श टोलीबाट कार्ययोजना पेश गरी परामर्शदाताले तोकिएको कर्मचारीहरूसँग निरन्तर समन्वयमा कार्य सम्पन्न भएको छ ।
- राजस्व सुधार कार्ययोजना निर्माण प्रकृयालाई सहभागितामूलक विधिबाट सञ्चालन गरिएको थियो । यस सन्दर्भमा नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी एवम् सरोकारवालाहरूको सहभागिताबाट राजस्व सुधार सम्बन्धी आवश्यकताहरू पहिचान गरिएको थियो ।
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ मा उल्लेखित सम्बन्धित फारामहरू विधि तथा

प्रकृयाहरू प्रयोग गरी (छलफल तथा कार्यशाला) मार्फत राजस्व सुधार कार्ययोजना निर्माण गरिएको छ ।

- राजस्व संकलन परिचालन तथा सुधार सम्बन्धमा सैद्धान्तिक रुपमा प्रस्टता ल्याउन नगरपालिकाका पदाधिकारी, कर्मचारी लगायत अन्य सरोकारवालाहरूसँग अभिमुखीकरण कार्यक्रम संचालन गरिएको थियो ।
- यस प्रकृयाबाट पहिचान गरिएका आवश्यकताहरूलाई एकिकृत गरी नगरपालिकाको ३ वर्षे राजस्व सुधार कार्ययोजना तयार गरिएको छ र अन्तिम दस्तावेज तयार गरी नगरपालिकाबाट प्राप्त सुझावहरूलाई सङ्कलन गरी दस्तावेजलाई अन्तिम रुप दिइएको छ ।
- राजस्व सुधार कार्ययोजनाको अन्तिम दस्तावेज (विद्युतिय तथा भौतिक प्रति) नगरपालिकामा बुझाएको छ ।

## १. राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि अवलम्वन गरिएका चरणहरू

सहभागितामूलक विधि र प्रकृया प्रयोग गरी राजस्व सुधार कार्ययोजना तयार गरिएको छ । अध्ययनको सन्दर्भमा प्राप्त जानकारी र तथ्याङ्कहरूको परिमाणात्मक र गुणात्मक विश्लेषण गर्न मिश्रित विधिहरूको प्रयोग भएको थियो । नगरपालिकासँग सम्झौता सम्पन्न भएपछि नगरपालिका र परामर्शदाता बीचको छलफलबाट योजना तर्जुमा कार्यको पूर्व तयारीको कार्य गरिएको थियो । सो तयारीको क्रममा राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि टोली परिचालन गर्न प्रारम्भिक कार्ययोजनाको तयारी तथा समयसारिणी निर्धारण गरिएको थियो । राजस्व सुधार कार्ययोजना तयार गर्ने क्रममा अपनाइएका चरणहरू तल उल्लेख गरिए अनुसारका थिएः

पहिलोः सन्दर्भ सामग्रीको अध्ययन
दोस्रोः अभिमुखीकरण तथा राजस्व सुधार योजना तर्जुमा कार्यशाला
तेस्रोः तथ्याङ्क तथा सूचना सङ्कलन र विश्लेषण
चौथोः राजस्व सुधार कार्ययोजना तयारी तथा राजस्व प्रक्षेपण
पाचौंः मस्यौदा प्रतिवेदन तयारी
छैठौंः मस्यौदा प्रतिवेदन माथि छलफल, सुझाव सङ्कलन
सातौंः अन्तिम मस्यौदा तयारी, कार्यपालिका वैठकमा छलफल
आठौंः अन्तिम सुझाव र कमेन्टका लागि पठाइ प्राप्त भएका सुझाव समावेश गरी कार्यपालिकाबाट स्वीकृत ।

### १.४.१ सन्दर्भ सामाग्री सङ्कलन तथा अध्ययन

नगरपालिकाको आगामी ३ वर्षको राजस्व सुधार कार्ययोजना निर्माणको प्रथम चरणमा परामर्श टोलीबाट विभिन्न स्रोतहरूको प्रयोग गरी सन्दर्भ सामाग्रीहरूको सङ्कलन तथा पुनरावलोकन गरिएको थियो । यसरी जानकारीहरू संकलन गर्दा कतिपय जानकारी नगरपालिकाबाट नै प्राप्त भए भने बाँकी अन्य स्रोतबाट संकलन गरिएका थिए । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य सामग्रीहरू देहाय अनुसार रहेका छन्ः

- गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन, २०७६
- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा जारी गरेका सम्बन्धित नमूना कानुनहरू
- मिर्चैया नगरपालिकाको नगर वस्तुगत विवरण (पार्श्वचित्र), २०७९
- नगरपालिकाको आय/व्यय विवरण
- आ.व. २०८९/०८० का लागि निर्धारण गरिएको विभिन्न करहरूको दर रेट (आर्थिक ऐन २०७९)
- अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको कानुन
- आन्तरिक राजस्व व्यवस्थापनको तेस्रो सुधार कार्ययोजना (२०७५/७६-२०७७/७८)
- राष्ट्रिय योजना आयोगको पन्ध्रौं योजना
- मधेश प्रदेशको आर्थिक ऐन, २०७९
- मधेश प्रदेशको पहिलो आवधिक योजना (२०७६/७७-२०८०/०८१)
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- एकीकृत आर्थिक सङ्केत तथा वर्गिकरण र व्याख्या, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०७६
- सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५
- नेपाल सरकारको सङ्घीय नीति, ऐन, नियमावली, योजना आदि ।
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (लिजा)
- स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (एफ. आर. ए. )

### १.४.२ नगरपालिकासँग सम्पर्क, छलफल र सूचना सङ्कलन विधि निर्धारण

माथि उल्लिखित सन्दर्भ सामग्री संकलन तथा अध्ययनबाट प्राप्त भएका प्रारम्भिक जानकारी तथा सूचनाका आधारमा नगरपालिकाका पदाधिकारीहरू र सम्बन्धित कर्मचारीहरूसंग सम्पर्क र छलफल गरी नगरपालिकाले हालसम्म परिचालन गरेका करका आधारहरू, राजस्व परिचालनको अवस्था, सुधार गर्न सकिने क्षेत्र, राजस्व प्रशासनको वर्तमान संरचना, पदाधिकारी तथा कर्मचारीको क्षमता विकासका सवालहरू र हाल तयार गर्न लागेको राजस्व सुधार कार्ययोजना तर्जुमा र यसको प्रक्रियाबारे जानकारी गराई नगरपालिकाको भूमिका सम्बन्धमा स्पष्ट पारिएको थियो ।

त्यसै गरी नगरपालिकाको राजस्व सुधार कार्ययोजनाका लागि कार्यतालिका निर्धारण तथा कार्यजिम्मेवारी निर्धारण गरी आवश्यक सूचना सङ्कलन फाराम अनुसारका सूचना, सामाग्रीहरू संकलन गरिएका थिए । सोही आधारमा नगरपालिकाको राजस्वको अवस्था बारे जानकारी हासिल हुनुका साथै मुख्य सवालहरू पहिचान गर्न सहयोग पुगेको थियो । आवश्यक सन्दर्भ सामग्रीहरूको अध्ययन तथा विश्लेषण पश्चात परामर्श टोलीबाट तथ्याङ्क तथा सूचना सङ्कलनका लागि आवश्यक फारामहरूको विकास गरी सो फारामलाई अन्तिम रुप दिन यस कार्यमा संलग्न विज्ञहरूबीच आवश्यक छलफल र अन्तरक्रिया समेत गरिएको थियो । सूचना सङ्कलनका लागि तयार गरिएको फारामहरू निम्नानुसार रहेका छन् :

- नगरपालिकाको परिचयको लागि आवश्यक आधारभूत र संस्थागत सूचना तथा मुख्य पदाधिकारीहरूसँगको परामर्शका लागि तयार गरिएको सूचना सङ्कलन चेकलिष्ट अनुसुची - १ मा रहेको छ । यस सूचीमा मुख्यतः नगरपालिकको संक्षिप्त परिचय, गठन, राजस्व प्रशासनको अवस्था र विगत तीन आर्थिक वर्षको राजस्व परिचालनको स्थिति बारे जानकारी लिने उद्देश्यले यो फारमको प्रयोग गरिएको थियो ।
- राजस्वका शीर्षकगत समूह छलफलका लागि आवश्यक सूचनासँग सम्बन्धित फारम अनुसूची - २ मा रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए अनुसार कर र गैरकरहरूको शीर्षकगत रुपमा वर्तमान समस्याहरू, सम्भावना, समाधानका लागि गर्नुपर्ने उपायहरू र जिम्मेवार निकायको पहिचान र कार्यान्वयनको समयावधीका बारेमा समूहगत रुपमा छलफल गर्नका लागि यो फारम प्रयोगमा ल्याईएको थियो ।

### १.४.३ तथ्याङ्क /सूचना सङ्कलन

नगरपालिकाको विगतका आय तथा व्यय विवरण, आर्थिक ऐन तथा विनियोजन ऐन, नीति तथा कानुनहरू र पूर्वनिर्धारित प्रश्नावली तथा ढाँचामा नगरपालिका र वडास्तरका प्राथमिक तथा द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरू संकलन र विश्लेषण गरिएको छ । यी विषयमा थप प्रष्टताका लागि नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतसँग भएको अन्तर्क्रियामा एक आपसमा प्रष्ट हुनुपर्ने विषय, नगरपालिकाले भोगिरहेका चुनौतीहरू, अपेक्षा र आवश्यकता बारेमा जानकारी आदान प्रदान गरियो । साथै, नगरपालिकाको राजस्व शाखा, अन्य शाखाहरू र सरोकारवाला पक्षहरूसँग आवश्यक सूचनाहरू संकलन गर्ने त्यसपछि सबै प्राप्त सूचनाहरू र अन्तर्क्रियाबाट प्राप्त वस्तुस्थिति बारेको थप स्पष्टता पछि केही अझ स्पष्ट हुनुपर्ने विषयहरू नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत तथा लेखा अधिकृतसँग सम्पर्क गर्दै सोही आधारमा राजस्व सुधार कार्ययोजनाको तयारी गरिएको छ ।

### १.४.४ राजस्व सुधार कार्ययोजना तयारी तथा राजस्व प्रक्षेपण

सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन, नगरपालिकासँग सम्पर्क, छलफल र सूचना सङ्कलन विधि निर्धारण र तथ्याङ्क/सूचना सङ्कलन लगायतका क्रियाकलापहरू तथा प्राप्त सूचनाको विश्लेषणका आधारमा पहिचान भएको वार्षिक कूल सम्भाव्यता र स्रोतबाट प्राप्त हुन सक्ने राजस्वलाई आगामी तीन वार्षिक वर्षका लागि प्रक्षेपण गरिएको छ । मस्यौदा तयार गर्दा आवश्यकता र उपलब्ध भए अनुसार राजस्व प्रक्षेपणका विभिन्न विधिहरूको प्रयोग गरिएको छ । आय प्रक्षेपण गर्दा बस्तुगत विश्लेषण समेतका आधारमा सकेसम्म वास्तविकतासँग मेल खाने गरी गरिएको छ । साथै नगरपालिकामा मस्यौदा प्रतिवेदन पेश गरी प्राप्त सुझावहरू समेटी अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

### १.४.५ राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन तथा अनुशरण

राजस्व सुधार कार्ययोजनालाई नगरपालिकाले आवश्यक छलफल तथा स्वीकृति गरी कार्यान्वयन गर्ने र कार्ययोजना बमोजिम कार्य भए नभएको भन्ने बारेमा समय समयमा समिक्षा र आवश्यकता अनुसार सुधार र परिमार्जनका लागि छलफल गर्न नियमित रुपमा गर्ने अनुगमन सम्बन्धी सुझाव समावेश गरिएको छ ।

राजस्व सुधार कार्ययोजना कार्यान्वयन गर्दा चाल्नुपर्ने रणनीति र क्रियाकलाप तथा राजस्व परिचालनका सम्बन्धमा नगरपालिकाको पदाधिकारी तथा कर्मचारीहरूलाई अभिमुखीकरण गरिएको छ ।

## १.५ योजनाका सीमाहरू

नगरपालिकाको राजस्व सुधार कार्ययोजना निम्नानुसारका सीमामा रही तयार गरिएको छ :

- अध्ययन तथा विश्लेषण कार्य प्रमुख रुपमा कार्यालयको अभिलेख, दस्तावेज, प्रतिवेदन तथा द्वितीय स्रोतहरूबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूमा आधारित छ ।
- नगरपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज, अन्तरवार्ता, नगरपालिकाका पदाधिकारीहरू तथा सम्बन्धित कर्मचारीहरू र अन्य सरोकारवालाहरूसँग गरिएको अन्तरक्रिया तथा कार्याशालाबाट प्राप्त सूचनाको आधारमा तयार गरिएको छ । यसका साथै नगरपालिकामा मस्यौदा प्रतिवेदन पेश गरी सुझावहरू संकलन गरिएको छ ।
- नगरपालिकाको जनसङ्ख्या तथा आर्थिक गतिविधिमा हुने वृद्धि, नगरपालिकाको सेवामा हुने वृद्धि र नागरिक सन्तुष्टिमा हुने वृद्धि, मूल्याङ्कन दरमा हुने वृद्धि तथा राजस्वका दरको पुनरावलोकन आदि कृयाकलापहरूले भविष्यको राजस्व सङ्कलनमा असर गर्ने भएतापनि यी तथ्याङ्कहरू उपलब्ध नभएको खण्डमा आय प्रक्षेपणमा आधार लिन कठिनाई हुन सक्छ ।
- यो कार्य योजना तयार गर्दा राजस्व सुधार कार्य योजना तर्जुमा दिग्दर्शन २०७६ लाई आधार मानिएको छ ।

# परिच्छेद दुई

# नगरपालिकाको संक्षिप्त परिचय

## २.१ संक्षिप्त परिचय

नेपालको पूर्वाञ्चल क्षेत्र स्थित सिरहा जिल्लामा साविकका मिर्चैयाँ नगरपालिका र सिक्रोन गा.वि.स. नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७२ आश्विन १ गतेको निर्णयबाट स्तरोन्नती भई मिर्चैया नगरपालिका हुन गएको हो । विस्तृत रुपमा तलको तालिकामा उल्लेख गरिएको छ ।

*तालिका नं. १: मिर्चैया नगरपालिकाको वडागत घरधुरी र जनसङ्ख्या विवरण*

| क्र.सं. | नयाँ वडा | समावेश गाविस / | जनसंख्या | क्षेत्रफल(वर्ग कि.मी.) |
|---|---|---|---|---|
| १ | १ | मिर्चैयाँ (१) | ५३५० | ७.१४ |
| २ | २ | मिर्चैयाँ (२) | ४४२६ | ३.४४ |
| ३ | ३ | मिर्चैयाँ (३) | ५०३४ | ७.२४ |
| ४ | ४ | मिर्चैयाँ (४) | ४१५६ | २.७८ |
| ५ | ५ | मिर्चैयाँ (५) | ७०२७ | ८.७२ |
| ६ | ६ | मिर्चैयाँ (६) | ७२८२ | २.४८ |
| ७ | ७ | मिर्चैयाँ (७) | ३९२० | १६.७ |
| ८ | ८ | मिर्चैयाँ (८) | २९८७ | २.८२ |
| ९ | ९ | मिर्चैयाँ (९) | ४४११ | १९.८३ |
| १० | १० | मिर्चैयाँ (१०) | ५५३९ | ६.१७ |
| ११ | ११ | मिर्चैयाँ (११) | ५४२४ | ६.६५ |
| १२ | १२ | सिक्रोन (१-९) | ३८६९ | ७.९९ |
|  | जम्मा |  | ५९४२५ | ९१.९६ |

स्रोत: नगरपालिकाको वेव पेज

### २.१.१ अवस्थिति

मिर्चैया नगरपालिका नेपालको पूर्वी तराई क्षेत्रमा पर्दछ । मिर्चैया नगरपालिकामा कूल १२ वडा रहेका छन् । ९१.९६ वर्ग कि.मि.को क्षेत्रफलमा फैलिएको मिर्चैया नगरपालिकाको भु-आकृतिक स्वरुप करिव सबै जसो समतल रहेको छ भने केही भाग पहाडी क्षेत्रले समेत ओगटेको छ । यसको पूर्वमा गोलबजार नगरपालिका छ भने पश्चिममा कर्जन्हा नगरपालिका दक्षिणमा कल्याणपुर नगरपालिका उत्तरमा कोशी प्रदेशको उदयपुर जिल्लाको कटारी नगरपालिका रहेको छ ।

चित्र नं. ४ : नगरपालिकाको नक्सा




*(स्रोतः सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालकाे वेब पेज)*

### २.१.२ भू-बनोट र प्राकृतिक स्रोतहरू

मिर्चैया नगरपालिकाको भु-आकृतिक स्वरुप करिव सबै जसो समतल रहेको छ भने केही भाग पहाडी क्षेत्रले समेत ओगटेको छ । यस मिर्चैया नगरपालिकामा बसोवास योग्य क्षेत्र सहितको उर्वर खेतियोग्य जमिन रहेको छ । सामान्यतयाः यस क्षेत्रमा बलौटे खालको माटो रहेको देखिन्छ ।

### २.१.३ जनसङ्ख्या

पहाडबाट तराइ तिर बसाइ सराइ गर्ने बसाईसारई गर्न क्रमको विस्तार भए सँगै तराइका अधिकांश स्थानमा जनसंख्याको वृद्धि भएको छ । यस नगरपालिकामा पनि जनसंख्यामा वृद्धि हुँदै गएको छ । राष्ट्रिय जनगणना २०७८ का अनुसार यस नगरपालिकामा कूल ५९,४२५ जना रहेकाछन् जसमा महिलाको संख्या कूल जनसंख्याको ५०.२४ प्रतिशत र पुरुषको कूल जनसंख्याको ४९.७६ प्रतिशत छ । संख्यामा हेर्दा महिलाको

संख्या २९,८५४ जना हुन्छ भने पुरुषको संख्या २९,५७१ जना हुन आउँछ । लैङ्गिक अनुपात ९९.०५ पुरुष प्रति १०० जना महिला भएको पाइन्छ ।

कुल परिवार संख्या १२,२५० रहेको यस नगरपालिकाको औसत परिवार संख्या ४.८५ जना रहेको छ । यस नगरपालिकाको जनघनत्व ६४६ जना छ जुन नेपालको जनघनत्व १९८ जना प्रति वर्ग किमी को तुलनामा ३ गुणा भन्दा पनि बढी छ ।

यी समग्र तथ्यहरूको तालिकागत विवरण निम्नअनुसार औंल्याइएको छ ।

*तालिका नं. २: मिचैंया नगरपालिकाको वडागत घरधुरी र जनसङ्ख्या विवरण*

| वडा नं. | जनसङ्ख्या | | | घरधुरी | औसत परिवार आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | | | |
| १ | २८५९ | २४९१ | ५३५० | ११४४ | ४.६८ | ८७.१३ |
| २ | २३०४ | २१२२ | ४४२६ | ९०८ | ४.८७ | ९२.१० |
| ३ | २४७६ | २५५८ | ५०३४ | ९९३ | ५.०७ | १०३.३१ |
| ४ | २०५६ | २१०० | ४१५६ | ८४० | ४.९५ | १०२.१४ |
| ५ | ३४४३ | ३५८४ | ७०२७ | १४७३ | ४.७७ | १०४.१० |
| ६ | ३४८८ | ३७९४ | ७२८२ | १५६८ | ४.६४ | १०८.७७ |
| ७ | २००० | १९२० | ३९२० | ८०९ | ४.८५ | ९६.०० |
| ८ | १४७० | १५१७ | २९८७ | ६०९ | ४.९० | १०३.२० |
| ९ | २२५० | २१६१ | ४४११ | ९२७ | ४.७६ | ९६.०४ |
| १० | २८०० | २७३९ | ५५३९ | ११०२ | ५.०३ | ९७.८२ |
| ११ | २७२३ | २७०१ | ५४२४ | १०८१ | ५.०२ | ९९.१९ |
| १२ | १९८५ | १८८४ | ३८६९ | ७९६ | ४.८६ | ९४.९१ |
| **जम्मा** | २९८५४ | २९५७१ | ५९४२५ | १२२५० | ४.८५ | ९९.०५ |

*स्रोत: राष्ट्रिय जनगणना २०७८*

चित्र नं. ५ : वडागत रुपमा जनसंख्याको वितरण




*स्रोत: राष्ट्रिय जनगणना २०७८*

## २.१.४ भू-उपयोग

मिर्चैया नगरपालिका सिराहा जिल्लाको नगरपालिकाहरू मध्ये एक हो । यस नगरपालिकाको भु-आकृतिक स्वरुप सबै जसो समतल रहेको छ । समतल भू-भाग र उर्वर मलिलो माटोको कारण प्रशस्त कृषि उत्पादन हुने संभावना भएता पनि आज भोलि घर, घडेरी, मोटर बाटो निर्माण, कृषिमा मानिसको कम प्राथमिकता आदि कारणले उत्पादन दिन प्रतिदिन घटदै जानुका साथसाथै वातावरणमा प्रतिकूल असर समेत परेको छ । यस नगरपालिका भएर महेन्द्र राजमार्ग भएकोले पनि आवासको लागि जग्गाको प्रयोग बढेको छ । यहाँ मौसम अनुसारका खेती बाहै महिना गर्न सकिन्छ भने मुख्य बाली धान, गहुं, मकै, मास, मसुरो, रहर, आलस, तोरी, आलु आदि हुन ।आजभोलि व्यवसायिक रुपमा बेमौसमी तरकारी खेती, च्याउ खेती, पशुपालन, हांस, कुखुरापालन गरिदै आएको छ । त्यसैगरी यहाँ उष्ण प्रदेशिय फलफूलहरू आँप, लिची, कटहर प्रशस्त मात्रामा हुने गर्दछ ।उत्पादित खाद्यान्न तथा तरकारी एवं फलफूलहरू नजिकैका स्थानीय हाटबजारहरू तथा जिल्ला बहिरका विभिन्न बजारहरूका साथै काठमाण्डौसम्म पनि बेचबिखान गरिन्छ ।

## २.१.५ साँस्कृतिक अवस्था

नेपाल एक बहुजातीय तथा बहुभाषिक समाज हो र यहाँ करिब १२५ थरीका जात जातिहरू रहेका छन् । जसमा ५९ वटा आदिवासी जनजातिको समूह पनि पर्दछ । जनसंख्याको जात-जातिगत संरचना र बनोट हेर्दा यो नगरपालिकामा पनि मिश्रित प्रकारको जातीय बसोबास भेटिन्छ । यस नगरपालिकामा स्थानीय स्तरमा बसोबास गर्ने विभिन्न जातजाति तथा समुदायका मानिसहरुको बसोबास रहेको छ ।यस नगरपालिकामा बसोबास गर्ने जात जातिहरुमा यादव, थारु, तामाङ्ग, नेवार, मगर, क्षेत्री, ब्राहमण रहेका छन् । यस क्षेत्रमा विभिन्न जाति अनुसारको चाड पर्व मनाउने गरिन्छ । जस्तैः माघि, होली, मागे संक्रान्ति, कृष्ण जन्माष्टमि, बकर इद, उल इद फितर, आइतबारी, छठपर्व, बुद्ध जयन्ती, रक्षा बन्धन, लक्ष्मी पूजाँ, दशैं, तिहार, यहाँको प्रमुख चाड पर्वको रुपमा मनाईन्छ । यो नगरपालिकामा मधेसीमुलका र पहाडीहरुको मिश्रित बस्ती रहेको छ । यस नगरपालिकामा बोलिने मुख्य भाषामा मैथली, नेपाली, तामाङ्ग, मगर भाषाहरु रहेका छन् । यस नगरपालिकामा सबै भन्दा धेरै हिन्दु, इस्लाम, बौद्ध अनि अन्य धर्म मान्ने मानिसहरु रहेका छन ।

## २.१.६ आर्थिक अवस्था

आर्थिक विकासको मेरुदण्ड नै काम गर्न सक्ने उमेर समूहको जनसंख्या हो । नगरपालिकामा १५ वर्ष देखि ५९ वर्ष उमेर समूहको जनसंख्यालाई आर्थिक रुपले सक्रिय जनसंख्याको रुपमा लिईएको छ । जसमा महिलाको संख्या १८,१४८ (६०.७९ प्रतिशत) र पुरुषको संख्या १५,८५८ (५३.६३ प्रतिशत), देखिन्छ । नगरपालिकाको कुल जनसंख्या ५९,४२५ को ३४,००६ अर्थात् ५७.२३ प्रतिशत आर्थिक क्रियाकलापमा गर्न सक्षम जनसंख्या हो ।

चित्र नं. ६ : उमेर अनुसार जनसंख्याको वितरण




*स्रोतः राष्ट्रिय जनगणना २०७८*

चित्र नं. ७ : **१० वर्ष र सोभन्दा माथिका व्यक्तिको आर्थिक क्रियाकलापमा संलग्नता अनुसारको जनसंख्या**




*स्रोतः राष्ट्रिय जनगणना २०७८*

*तालिका नं. ३: मिर्चैया नगरपालिकाको आर्थिक क्रियाकलापमा संलग्नता अनुसारको जनसंख्या (प्रतिशतमा)*

| तह गत विवरण | आर्थिक रुपमा सक्रिय | आर्थिक रुपमा निस्क्रिय | उल्लेख नभएको |
|---|---|---|---|
| नेपालको समग्र | ६५.५ | ३४.३ | ०.२ |
| मधेस प्रदेश | ५७.२ | ४२.७ | ०.१ |
| सिराहा जिल्ला | ६०.५ | ३९.३ | ०.२ |
| मिर्चैया नगरपालिका | ५५.८ | ४३.८ | ०.३ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

यस नगरपालिकामा विभिन्न वित्तिय संस्थाहरू आर्थिक क्रियाकलापमा संलग्न रहेका छन् । एक बाणिज्य बैंक, लघुवित्त गरी २७ भन्दा बढी वित्तिय संस्था रहेका छन भने अन्य वित्तिय संस्थाहरूमा सहकारी संस्थाहरू रहेका छन् । स्थानीय तहमा स्थापना भई कार्यसंचालन गर्दै आएका सहकारीहरू रहेका छन् । स्थानीय सहकारीहरूमा बचत तथा ऋण, साना किसान सहकारी, कृषि सहकारी, दुग्ध सहकारी, उपभोक्ता सहकारी, तरकारी तथा फलफूल सहकारी र उपभोक्ता सहकारीहरू रहेका छन् ।

### २.१.७ सामाजिक अवस्था

यस नगरपालिकामा विभिन्न समुदायहरुको मिश्रित बसोवास छ । यहाँको रहनसहन पनि मिश्रित प्रकारको छ । यहाँका समुदाय एक आपसमा सहयोगी भै बसिरहेका छन । यहाँ विभिन्न सामुदायिक समूहहरु समुदायिक सञ्जालहरु रहेका छन् । जो एक आपसमा सहिष्णु भएका रहेका छन् । सोही सामाजिक पूँजीले यस नगरपालिकको शैक्षिक सामाजिक आर्थिक विकासमा सहयोग पुर्याएको छ ।

यस नगरपलिकाको शैक्षिक अवस्था हेर्दा यस नगरपालिकाको कूल जनसंख्याको ६६.१% साक्षर रहेका छन् जसमा पुरुष साक्षरता दर ७५.२% र महिला साक्षरता दर ५७.२% रहेको छ । लैंगिक दृष्टिले हेर्दा पुरुषको साक्षरता दर महिलाको भन्दा १८ प्रतिशतले नै बढी देखिन्छ (क्रमशः ७५.२ र ५७.२), जसले लैङ्गिक विभेद र असमानतालाई इंगित गर्दछ । साक्षरता दरको औसत राष्ट्रिय दर ७६.२% पुरुष साक्षरता दर ८३.६% र महिला साक्षरता दर ६९.४% भन्दा कम देखिन्छ । यस नगरपालिकाको साक्षरता दर औसत राष्ट्रिय दर भन्दा कम छ । यसमा अझै सुधार हुनुपर्ने आवश्यक छ त्यसका लागि भर्ना अभियान, गरिव तथा जेहेन्दार विधार्थी अनुदान र छात्रवृत्ति, प्रौढ कक्षा, महिला र छात्रा शिक्षा आदि अभियानहरू दृढताका साथ अगाडि बढाउनु पर्ने देखिन्छ ।

*तालिका नं. ४: तुलनात्मक साक्षरता दर प्रतिशतमा*

| तह गत विवरण | कूल | पुरुष | महिला |
|---|---|---|---|
| नेपालको समग्र | ७६.२ | ८३.६ | ६९.४ |
| मधेस प्रदेश | ६३.५ | ७२.५ | ५४.७ |
| सिराहा जिल्ला | ६५.१ | ७४.८ | ५६.० |
| मिर्चैया नगरपालिका | ६६.१ | ७५.२ | ५७.२ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

**स्वास्थ्य अवस्था**

यस नगरपालिकामा स्वास्थ्य तर्फ हेल्थपोष्ट, निजी अस्पताल र सरकारी अस्पताल रहेका छन । ती संस्थाहरूमा विभिन्न पदका स्वास्थ्यकर्मीहरू कार्यरत छन् । तिनीहरूमा चिकित्सक, हेल्थ असिस्टेन्ट, नर्स, अहेब, अनमी, ल्याव टेक्निसियन र अन्य छन् ।

चित्र नं. ८ : **परिवारले प्रयोग गर्ने शौचालयको प्रकार अनुसार परिवार संख्या**




*स्रोत: राष्ट्रिय जनगणना २०७८*

यस नगरपालिकामा जनगणना २०७८ का अनुसार जम्मा घरधुरी मध्ये ५७.६% घरधुरीमा फ्लस भएको चर्पी छ भने ३१.२% घरधुरीमा साधारण चर्पी रहेको छ । अझै पनि ७.०% घरपरिवारमा चर्पी नभएको अवस्था छ जो अझै पनि खुल्ला स्थानको प्रयोग गरिरहका छन् ।

चित्र नं. ९ : **बत्ति बाल्न प्रयोग गर्ने इन्धन अनुसार परिवार संख्या**




*स्रोत: राष्ट्रिय जनगणना २०७८*

जनगणना २०७८ का अनुसार यस नगरपालिकामा जम्मा घरधुरी मध्ये ९८.२% घरपरिवारमा बत्ती बाल्नको लागि बिजुलीको प्रयोग भएको अवस्था छ । ०.८% घरधुरीमा मट्टीतेलको प्रयोग छ भने ०.७% घरधुरीमा सोलार उर्जाको प्रयोग रहेको छ ।

## २.१.८ भौतिक अवस्था

यस नगरपालिका पूर्व पश्चिम जोड्ने महेन्द्र राजमार्गमा रहेको नगरपालिका हो । यसका १२ वटै वडा सडक संजालले जोडिएको छ ।नगरपालिकामा बजार पूर्वाधारको विस्तार हुँदै गएको छ ।यस नगरपालिकाका १०० प्रतिशत घरधुरीमा विद्युत सेवाको पहुँच पुगेको भने नगरपालिका केन्द्र, वडा कार्यालय, स्वास्थ्य संस्था तथा माध्यामिक तहको विद्यालयमा इन्टरनेट सुविधा उपलब्ध तथा विस्तार हुदै गरेको छ । यस पालिकाका

बासिन्दाहरूले विभिन्न आधुनिक सुविधाहरूको प्रयोग गरेको देखिन्छ । यस अन्तर्गत रेडियो, टेलिभिजन, फोन, फ्रिज, वासिङ्ग मेसिन, एयर कण्डिसन, कम्प्युटर, ईन्टरनेटका साथै साधनहरूमा साइकल, मोटरसाईकल र मोटर रहेका छन् ।

चित्र नं. १० : **खानेपानीको स्रोत अनुसार परिवार संख्या**




*स्रोतः राष्ट्रिय जनगणना २०७८*

जनगणना २०७८ का अनुसार यस नगरपालिकामा जम्मा घरपरिवार मध्ये ६६.४% घरपरिवारमा खानेपानीको लागि ट्युबवेल वा हाते पम्पको प्रयोग भएको अवस्था छ । २९.७% घरपरिवारमा मात्र धारा वा पाइपको पानी प्रयोग छ भने १.०९% घरपिरवारले अझै पनि खुला इनार वा कुवाको पानी प्रयोग गरिरहेका छन् ।बाँकी अन्य स्रोतको प्रयोग गर्ने गरेका छन ।

चित्र नं. ११ : **खाना पकाउन प्रयोग गर्ने इन्धन अनुसार परिवार संख्या**




*स्रोतः राष्ट्रिय जनगणना २०७८*

जनगणना २०७८ का अनुसार यस नगरपालिकामा जम्मा घरपरिवार मध्ये ६७.०% घरपरिवारमा खाना पकाउनको लागि काठ वा दाउराको प्रयोग भएको अवस्था छ । २९.०% घरपरिवारमा एल पी ग्यासको प्रयोग छ भने ३.४% घरपिरवारले अझै पनि गुइँठा वा गोरहा प्रयोग गरी खाना पकाइरहेकाछन् ।बिजुलीमा खाना पकाउने परिवार ०.५% मात्रै छन ।

## २.२ मानव संसाधनको अवस्था

नवगठित नगरपालिकाको दोस्रो निर्वाचन सम्पन्न भई हाल सोही निर्वाचित जनप्रतिनिधिहरू मार्फत नगरपालिकाको कार्य सञ्चालन भईरहेको छ । यस नगरपालिकामा रहेका १२ वटा वडामा निर्वाचित तथा मनोनित सदस्यहरू सहित नगरसभा र कार्यपालिका सदस्यहरूबाट जिम्मेवारी अनुसार कार्यसम्पादन भइरहेको छ ।

त्यसैगरी नगरकार्यपालिकाको दैनिक कार्यसम्पादनका लागि नगरपालिकाले तय गरेको नगर सभा, नगर कार्यपालिका, विषयगत समिति र शाखा, प्रमुख प्रशासकीय अधिकृत, सूचना अधिकृत, लेखा अधिकृत, ईन्जिनियर, सब-ईन्जिनियर, सब ओभरसियर, कम्प्युटर तथा कार्यालय सहयोगी र वडा कार्यालयहरूमा वडा सचिव तथा सामाजिक परिचालक रहने व्यवस्था गरिएको देखिन्छ । विभिन्न विषयगत क्षमता सहित अधिकृत तथा सहायक कर्मचारी कार्यरत रहेका छन् ।

नगरपालिका क्षेत्रभित्र उपलब्ध हुन सक्ने कृषि, पशु, इन्जिनियरिङ्ग, वन, मेडिसिन, खाद्य प्रसोधन, वकिल, पत्रकार जस्ता प्राविधिक तथा विशेष दक्षता भएका मानव संसाधन रहेका छन् ।

## २.३ भौतिक सम्पत्तिको अवस्था

नगरपालिका कार्यालयमा टेलिफोन तथा ईमेल ईन्टरनेटको सुविधा रहेको छ भने वडा कार्यालयहरूमा यी सुविधाहरू उपलब्ध छन् । वडा कार्यालयहरूमा आवश्यक फर्निचर तथा औजार उपकरणहरू (कम्प्युटर, ल्यापटप, प्रिन्टर, प्रोजेक्टर) उपलब्ध रहेको छ ।

## परिच्छेद तीन

# स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा स्थानीय तहलाई कानुनत प्राप्त राजस्व परिचालन सम्बन्धी व्यवस्थाको विश्लेषण गरिएको छ । सोही कानुन अनुसार यस नगरपालिकाको राजस्व संकलनको अवस्था, भावी सम्भावना, राजस्व परिचालनमा आउन सक्ने समस्या एवं चुनौतीहरूका बारेमा विश्लेषण गरिएको छ ।

## ३.१ नगरपालिकाको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था

संविधान र संघीय कानुन (स्थानीय सरकार संचालन ऐन, २०७४) अनुसार स्थानीय तहलाई प्राप्त राजस्व अधिकारका क्षेत्रहरूका बारेमा यहाँ उल्लेख गरिएको छ।

क) करः कर अन्तर्गत निम्न करहरु पर्दछन ।

- एकिकृत सम्पत्ति कर वा घर जग्गा कर
- भूमि कर (मालपोत),
- घर जग्गा बहाल कर
- ब्यवसाय कर
- सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा)
- जडिबुटी, कवाडी र जीवजन्तु करः आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको ब्यवसायिक उपयोग गरे बापतको कर

ख) शुल्कः शिर्षकमा तपशिलका करहरु पर्दछन

- बहाल बिटौरी शुल्कः नगरपालिकाले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत
- पार्किङ्ग शुल्कः आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ्ग सेवा उपलब्ध गराए बापत ।

ग) दस्तुर

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर
- एफ.एम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग
- ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन र उपयोग
- नक्सा पास दस्तुर (नक्शा पास नगरी निर्माण भएकालाई तेब्बर दस्तुर)
- पंजिकरण ब्यवस्थापन दस्तुर
- वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर- दफा १२ (२ ङ) अनुसारको सिफारिश तथा प्रमाणित बापत जग्गा नाप जाँच तथा कित्ता काट दस्तुर

घ) सेवा शुल्क

- नगरपालिका भित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायकिङ्ग, जिपफ्लायर, बञ्जी जम्प, प्याराग्लाइडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा वा ब्यवसायमा
- आफुले निर्माण, संचालन वा ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा सेवामा
- खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला ब्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्यायामशाला, पर्यटकीय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्यांकन सेवा शुल्क
- सिफारिस सम्बन्धी कुनै सेवा शुल्क

ङ) वस्तु तथा सेवा विक्री

ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क दस्तुर

च) सामुदायिक वनबाट आय प्राप्त गर्ने

वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम सम्बन्धित नगरपालिका को सञ्चित कोषमा जम्मा गर्नुपर्ने (केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ वाट संसोधित यो प्रावधानमा प्रभाव पर्ने गरी मिति २०७६/०६/०७ मा प्रमाणीकरण गरिएको वन ऐन, २०७६ मा भएको व्यवस्था अनुसार)

छ) संघ तथा प्रदेश कानुनको आधारमा स्थानिय तहमा प्राप्त हुने

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन रोयल्टी
- सामुदायिक वनको संचालन ब्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडिवुटी तथा अन्य गैरकाष्ठ वन पैदावार उत्पादन, संकलन, प्रशोधन र वजार ब्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, संचालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण

- ➢ स्थानीय तहका पत्रपत्रिकाको दर्ता

ज) स्थानीय तहमा संकलन भई बाँडफाँड हुने

- ➢ बकमाब  बिज्ञापन करः
- ➢ मनोरञ्जन करः
- ➢ घर जग्गा रजिष्ट्रेशन शुल्क
- ➢ उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्वीक सम्पदा, संग्रालय सम्पदा प्रवेश शुल्क
- ➢ ढुङ्गा, गिट्टी, स्लेट, वालुवा, चुनढुङ्गा, अभ्रख, दहत्तर वहत्तरमा प्राकृतिक स्रोतको कर

झ) प्रदेश तहबाट संकलन भई बाँडफाँड हुने

- ➢ सवारी साधन (माथि उल्लेखित बोहक)
- ➢ पदयात्रा तथा पर्यटन शुल्क
- ➢ पवर्तारोहण, राष्ट्रिय निकुन्ज, वन्यजन्तु आरंक्षण तथा संरक्षण क्षेत्रको प्रवेश शुल्क

**उल्लेखित राजस्व बाहेक स्थानीय तहलाई तलका थप सुबिधाहरू पनि प्रदान गरिएको छ ।**

**(क) अनुदान**

- बित्तीय समानीकरण अनुदानः नगरपालिकाको क्षमताको आधारमा आयोगको सिफारिसमा संघ र प्रदेशबाट प्राप्त हुने
- सशर्त अनुदानः  योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा संघ र प्रदेशबाट प्राप्त
- समपूरक अनुदानः पूर्वाधार बिकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा संघ र प्रदेशबाट प्राप्त हुने
- बिशेष अनुदानः कुनै खास उद्देश्य र योजनाको लागि संघ र प्रदेशबाट प्राप्त हुने ।

**(ख) बैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएरमात्र बैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएरमात्र वित्त आयोगले सिफारिस गरेको सिमा भित्र रहेर आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने ।

स्थानीय तहले कानुन बमोजिम वाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् :

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, बस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक ब्यवस्था)

- कर नलाग्नेः कुटनीतिक नियोग, कुटनितिज्ञ, बैदेशिक ऋण वा सहायतावाट संचालित परियोजनावाट हुने पैठारी, सामूहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामूहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीवाट गर्न सक्ने

नेपालको संविधानमा व्यवस्था भए अनुसार राजस्वका विभिन्न शीर्षकहरूमा तिनै तहबाट संकलन भै रहेको छ । राजस्व अधिकार सम्बन्धी विभिन्न तहहरूको एकल तथा साझा अधिकार सम्बन्धी विवरण तल प्रस्तुत गरिएको छ ।

चित्र नं. १२ : एकल तथा साझा अधिकार सम्बन्धी विवरण



## ३.२ नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

नगरपालिकालाई कानुनत प्राप्त राजस्व अधिकारका शीर्षकहरूको परिचालन अवस्था विश्लेषण गर्नु आवश्यक हुन्छ । नगरपालिकाले उपरोक्त राजस्व शीर्षकहरू मध्ये हाल असुली गरिरहेको,नीतिगत निर्णय मात्र गरेको र कर संकलनको सम्भावना भएका क्षेत्रहरूको यथार्थ अवस्थाको बारेमा यहाँ प्रस्तुत गरिएको छः

*तालिका नं. ५ : नगरपालिकाको आय परिचालनको अवस्था*

| क्र.सं | आयका प्रकार | सम्भावनाको विवरण | दर निर्धारणको अवस्था | संकलन भएको/ नभएको |
|---|---|---|---|---|
| क.सं | **कर राजस्व तर्फ** | | | |
| १ | सम्पत्तिमा आधारित कर - घर जग्गा तथा मालपोत वा भूमिकर | भएको | आर्थिक ऐन २०७९ | भएको |
| २ | सम्पत्तिमा आधारित कर एकिकृत सम्पत्ति कर | भएको | आर्थिक ऐन २०७९ | भएको |
| ३ | सवारी कर (रिक्सा, अटोरिक्सा, ट्याक्सी) | भएको | भएको | नभएको |
| ४ | सवारी दर्ता तथा वार्षिक सवारी कर | भएको | भएको | नभएको |
| ५ | घर जग्गा बहाल कर | भएको | भएको | भएको |
| ६ | व्यवसाय कर | भएको | भएको | नभएको |
| ७ | विज्ञापन कर | भएको | भएको | नभएको |
| ८ | मनोरञ्जन कर | भएको | भएको | नभएको |
| ९ | घर जग्गा रजिष्ट्रेशन शुल्क | भएको | नभएको | नभएको |
| १० | जडिबुटी, कवाडी र जिवजन्तु कर | भएको | भएको | नभएको |
| ख. | **गैर कर राजस्व** | | | |
| १ | ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क | भएको | भएको | भएको |
| २ | नक्सापास दस्तुर | भएको | भएको | भएको |
| ३ | ब्यक्तिगत घटना दर्ता शुल्क | भएको | भएको | भएको |
| ४ | वहाल विटौरी शुल्क | भएको | भएको | नभएको |
| ५ | पार्किङ्ग शुल्क | भएको | भएको | नभएको |
| ६ | अस्पताल संचालन | भएको | नभएको | नभएको |
| ७ | फोहरमैला ब्यवस्थापन शुल्क | भएको | नभएको | नभएको |
| ८ | स्थानीय खानेपानी महसुल | भएको | नभएको | नभएको |
| ९ | स्थानीय विद्युत महसुल | नभएको | नभएको | नभएको |

| | | | | |
|---|---|---|---|---|
| १० | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिप फ्लायर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा ब्यवसायमा सेवाशुल्क | नभएको | नभएको | नभएको |
| ११ | निर्माण, संचालन र ब्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवाशुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, ब्ययमशाला, पर्यटकिय स्थल, हाटवजार, पशु वधशाला, शवदाह गृह, घोविधाट, सडक, वसपार्क, पुलआदि | भएको | भएको | भएको |
| १२ | मूल्यांकन सेवा शुल्क | भएको | भएको | भएको |
| १३ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म | भएको | भएको | नभएको |
| १४ | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | भएको | नभएको | नभएको |
| १५ | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | भएको | भएको | भएको |
| १६ | दण्ड जरिवाना | भएको | भएको | भएको |

यस नगरपालिकामा माथि उल्लिखित विभिन्न करका शीर्षक अन्तर्गत सम्पत्तिमा आधारित सम्पत्ति कर र भूमिकर (मालपोत) पनि संकलन भएको देखिन्छ । सबै गाउ तथा नगरपालिकाको मुख्य आय स्रोत मानिएको व्यवसाय कर लिइएको देखिदैन भने घरजग्गा वहाल कर केही मात्रामा असुली भएको छ । बजार क्षेत्र तथा उद्येग एवं कल कारखाना भएको हुँदा कवाडी र जीवजन्तु करको सम्भावना भने देखिन्छ । विज्ञापन कर तथा मनोरञ्जन कर संकलन गर्न सकिने सम्भावना भए पनि उठन सकेको छैन । सवारी करको सम्भावना भएर दर निर्धारण भएता पनि आय संकलन भएको छैन ।

त्यसैगरी गैरकर तर्फ वडाबाट गरिने सिफारिस दस्तुर, नक्सापास दस्तुर, लिएको भए पनि सम्पत्ति मूल्यांकन सेवा शुल्क, पूर्वाधार उपयोग सेवा शुल्क, पिकनिक स्थल, शुल्क संकलन गरिएको छैन भने बहाल बिटौरीका मार्फत पनि प्रयाप्त शुल्क उठाउन सकिने हुन्छ तर उल्लेख्य रुपमा उठ्ने गरेको छैन् ।

नगरपालिकामा राजस्व संकलन हुने विभिन्न आय शीर्षकहरू मध्ये मुख्य मुख्य शीर्षकहरूबाट मात्र संकलन भइरहेको छ । राजस्व प्रशासन सुधार गरी अन्य शीर्षकहरूबाट समेत आय संकलन गर्ने प्रशस्त सम्भावना छ ।

मधेश प्रदेश सरकारको आवधिक योजनामा मधेस प्रदेशको आर्थिक विकासका लागि विभिन्न रणनीति अवलम्बन गरिरहेको छ । त्यसबाट पनि यस नगरपालिकाको राजस्व आयमा वृद्धि हुने सम्भावना हुन्छ । ति मध्येका केही यहाँ उल्लेख गरिएको छ

- आर्थिक आत्मनिर्भरताको स्थिति निर्माण गर्न तुलनात्मक लाभ हुनसक्ने स्थानीय कृषिबाली र आधारभूत खाद्य वस्तुको उत्पादनमा वृद्धि गर्ने ।
- कृषि तथा उद्योग क्षेत्रमा सृजना भएका स्थानीय रोजगारी र सम्भाव्य रोजगारी क्षेत्रका लागि चाहिने क्षमता र सीपयुक्त जनशक्ति निर्माण र विकासमा लगानी गर्ने ।
- विद्यमान सडक संजालको उपयोग हुने गरि आर्थिक सम्भावनाका आधारमा कृषि, पर्यटन क्षेत्रलाई सम्बोधन गर्ने उद्योग स्थापना र संचालनमा निजी क्षेत्रलाई प्रोत्साहित गर्ने ।
- व्यावसायीकरण, विविधिकरण र आधुनिकीकरण गरी कृषिजन्य उद्योगलाई विकासको संवाहक बनाउने ।
- स्थानीय तथा भारतीय पर्यटकको सांस्कृतिक र धार्मिक अभिरुचि सम्बोधन हुने गरि सबै मौसममा चलायमान पर्यटन र मनोरञ्जन स्थल निर्माण तथा विकास गर्ने ।

## ३.३ आन्तरिक स्रोत तर्फका राजस्व संकलनको प्रमुख क्षेत्रहरू र सम्भावना विश्लेषण

नगरपालिकाले प्रचलित कानुन बमोजिम आन्तरिक स्रोत तर्फ संकलन गर्ने राजस्वहरु मध्ये यस नगरपालिकाले हाल उठाइरहेका केही मुख्य मुख्य र बढी आय भएका करका शिर्षकहरुको मात्र विश्लेषणात्मक अध्ययन यस खण्डमा गरिएको छ । बाँकी मध्ये केही करलाई विविध शिर्षकमा उल्लेख गरिएको छ ।

### ३.३.१ कर राजस्व

**क. भूमि कर (मालपोत)**

**हालको अवस्थाः** नगरपालिकाको आर्थिक ऐन, २०७९ ले नगरपालिका मातहतका जग्गामा भूमिकर लगाउने व्यवस्था गरेको छ । जग्गाको मूल्यांकन गर्दा जग्गाको भौगोलिक अवस्थिति, जग्गाको उपयोगको अवस्था, जग्गा रहेको स्थानमा पूर्वाधार विकासको अवस्थालाई बैज्ञानिक आधार मानिने व्यवस्था उक्त ऐनले गरेको छैन ।

**संभाव्यताः** जग्गाको भौगोलिक अवस्था, जग्गाको प्रकृति, उपभोगको अवस्था, सुगमता, बाटो तथा पहुँच जस्ता कुराहरूले जग्गाको मूल्यांकनमा फरक हुने र सोही आधारमा दररेट कायम गर्दा संकलन गर्न सकिने देखिन्छ । मालपोतको दर तय गर्दा छिमेकी गाउँपालिका वा नगरपालिकाहरूका दररेटहरू सँगसँगै राखेर निर्धारण गरेमा प्रभावकारी हुनेछ । नगरपालिकाको मुख्य आम्दानीको स्रोत मालपोत रहेको छ । मालपोतको दर समय सापेक्ष तथा माथि उल्लेख गरे अनुसारको आधारमा यसलाई सुधार गरी मालपोत बापतको थप राजस्व असुल गर्न सकिने बलियो सम्भावना रहेको छ ।

**सुधारका पक्षहरू:**

यस नगरपालिकामा मालपोत वापत रकम संकलन भएको देखिन्छ । यसलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन नगरपालिकाले सुधार गर्नुपर्ने विषयहरू निम्नअनुसार रहेको देखिन्छः

- भूमि वापतको करको दर निर्धारण गर्दा भौगोलिक अवस्था, जग्गाको प्रकृति, उपभोगको अवस्था (खेतियोग्य वा व्यवसायिक प्रयोजन), सुगमता, बाटो, पहुँचमा सहजता, ग्रामिण तथा शहरी क्षेत्र जस्ता कुराहरूले जग्गाको मूल्यांकनमा फरक हुने र सोही आधारमा गर्ने ।
- तोकिएको करको दरका बारेमा अन्य गाउँ वा नगरपालिकाहरूले लागू गरेको दरको अध्ययन गर्ने ।
- नगरपालिकाले जग्गाको किसिम अनुसार अभिलेख राख्ने । यसरी अभिलेख राख्दा डिजिटल नक्सांकन गरी नियमित अद्यावधिक गर्ने व्यवस्था गर्ने तथा यसलाई राजस्व संकलन गर्ने कर्मचारीको सहज पहुँचमा राख्ने ।
- करको दायरामा नआएकालाई सूचनामूलक, जनचेतनामूलक तथा अन्य कार्यक्रमहरू मार्फत करको दायरामा ल्याउने ।
- सबै कर वापतको रकम सोझै बैक खातामा जम्मा गर्न सकिने गरी कार्यान्वयन गर्ने ।
- मालपोत संकलन सबै वडाबाट गर्ने र सो को विवरण नगरपालिकामा जाने व्यवस्था मिलाउने ।

## ख. सम्पत्ति कर

**हालको अवस्था:** विद्यमान कानूनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लिने व्यवस्था गरेको छ । नेपालको जनगणना २०७८ का अनुसार यस नगरपालिकामा कुल १२,२५० घरधुरी रहेको देखिन्छ । यसरी हेर्दा ति घरधुरी नै करदाता हुन सक्छन । यस नगरपालिकामा आ.व. २०७६/७७ देखि नै सम्पत्ति करबाट रकम आय भएको देखिन्छ ।

**संभाव्यता:** यस नगरपालिकामा रहेका घरधुरी मध्ये सम्पत्ति करका करदाताको रुपमा करिब १२,२५० अनुमानित करदाता हुन सक्ने अनुमान रहेको छ जुन जनगणना २०७८ को आधारमा लिइएको हो । सम्पत्ती कर गणना गर्दा यो भन्दा बढी घर संख्या हुन सक्छन् भने घरले चर्चेको दोब्बर जग्गाको पनि मूल्यांकनमा आएको छैन । अनुमानित करदाताको संख्या तथा सम्पत्ति करको न्यूनतम औसत अनुमानित दरका आधारमा गणना गर्दा सम्पत्ति करको सम्भावना प्रसस्त देखिन्छ । सामान्य हिसाब गर्दा पनि ठुलै रकम आम्दानी हुन आउछ । तर यसको लागि नगरपालिकाले आवश्यकता अनुसारको विवरण तयार पारी कार्यान्वयन गर्नु पर्ने हुन्छ । नगरपालिकाको मुख्य आयमा रहेको सम्पत्ति करको दायरामा कम आएको हुँदा त्यसलाई वृद्धि गर्न सक्ने प्रशस्त सम्भावना रहेको छ ।

चित्र नं. १३ : **घरको छाना अनुसार परिवार संख्या**




स्रोतः जनगणना २०७८

## सुधारका पक्षहरू:

सम्पत्ति करको निर्धारण र कार्यान्वयनमा आइसकेको देखिए पनि सम्भावित सबै करदाता करको दायरा भन्दा बाहिर छन् । सम्पत्ति करका सम्बन्धमा नगरपालिकाले सुधार गर्नुपर्ने विषयहरु निम्नअनुसार रहेको देखिन्छ:

- नगरपालिकाको आर्थिक ऐनमा सम्पत्ति कर सम्बन्धी प्रावधान अनुसार यसलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याउनु जरुरी छ ।
- करको दर तय गर्दा घरको बनोट, प्रयोजन र मूल्यांकन अनुसार फरक फरक हुने गरी निर्धारण गर्नु पर्ने ।
- नगरपालिकाका सबै सम्भावित करदाताको लगत संकलन गरी घर दर्ता सम्पन्न गर्ने ।
- सम्पत्ति मूल्यांकन दर र सम्पत्ति करको दर निर्धारणलाई यथार्थपरक बनाउने ।
- करको दायरामा नआएकालाई सूचनामूलक, जनचेतनामूलक तथा अन्य कार्यक्रमहरु मार्फत करको दायरामा ल्याउने ।
- सम्बन्धित करदाताको सम्पति मुल्यांकन यथार्थपरक बनाउन घर र बाटोको डिजिटल नक्सांकन गरी नियमित अद्यावधिक गर्ने व्यवस्था गर्ने तथा यसलाई राजस्व संकलन गर्ने कर्मचारीको सहज पहुँचमा राख्ने ।
- सम्पत्ती करलाई सबै वडाहरुबाट नै असुली गर्ने व्यवस्था मिलाउने ।
- नक्सा पास गरी बनेका र नक्सा पास नगरी बनेका घरकी लगत प्रष्ट रुपमा राख्ने ।

**ग. घरजग्गा बहाल कर**

**हालको अवस्थाः** नगरपालिकाको आर्थिक ऐनमा नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा सो बमोजिम घर जग्गा वहाल कर लगाईने र असूल गरिने उल्लेख गरेको छ । यसरी वहालमा दिएकोमा सम्बन्धित धनीबाट बहाल कर १० प्रतिशत लिने व्यवस्था गरेको छ ।

**सम्भाब्यताः** सामान्यतया अन्य सबै पालिकाहरूमा जुनसुकै प्रकार भए पनि सबैलाई १० प्रतिशत दर कायम गरी लिने गरेको अवस्था छ । यसैगरी नगरपालिका भित्र कुनै व्यक्ति वा संस्थाले जग्गा भाडामा दिए पनि त्यसमा १० प्रतिशतका दरले बहाल कर लगाउने गरेका छन । तसर्थ करका दर सबै अवस्थामा १० प्रतिशत कायम गर्नु उपयुक्त नै हुन्छ । नगरपालिकाको घरधुरी मध्ये केही घर धनीहरूले आफना घर बहालमा लगाउने गरेको देखिन्छ । संस्थागत बहालको हकमा लेखा परीक्षण गराउनु पर्ने र करको रकम उल्लेख नभए खर्च हिसाब नहुने हुँदा बहाल बापतको करको सहज रुपमा गणना हुन्छ र उनीहरू अनिवार्य रुपमा करका दायरामा आएका हुन्छन तर आवासिय हकमा भने गणना भएको हुदैन र करको दायरामा पनि आएका हुदैनन् । कतिपय व्यापारी वा व्यवसायीहरू दर्ता नै नगरी व्यवसाय गरेका हुन्छन् । तिनीहरू करको दायरमा आएका हुदैनन । करको दायरा भन्दा बाहिर भएकालाई दायरामा ल्याउन कि त पुरानो रकम मिनाहा वा छुट दिन सकिन्छ । त्यसैगरी बहालकर बापत रकम भुक्तानी गर्न आउनेलाई बिशेष छुट दिएर कर संकलन र दायरामा ल्याउन सकिन्छ । नगरपालिका भित्र बहालमा दिने घरहरू र बहालमा बस्नेहरूका लगत तयार गरी सो कार्यान्वयन गर्न सकिन्छ । त्यसैगरी तराइका अधिकांश गाउँ वा नगरपालिकाहरूमा सार्वजनिक जग्गा तथा पोखरीहरू भाडामा दिएका हुन्छन सो को पनि तथ्यांक संकलन गरेमा आय बढाउन सकिन्छ ।

चित्र नं. १४ : घरको स्वामित्व अनुसार परिवार संख्या




स्रोतः जनगणना २०७८

**सुधारका पक्षहरूः**
नगरपालिकामा बहालकर पनि मुख्य आयको रुपमा रहेको हुन्छ । यसलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन पालिकाले सुधार गर्नुपर्ने विषयहरू निम्नअनुसार रहेको देखिन्छः

- भाडामा भएका घर तथा जग्गाको किसिम अनुसार अभिलेख राख्ने । यसरी अभिलेख राख्दा डिजिटल नक्सांकन गरी नियमित अद्यावधिक गर्ने व्यवस्था गर्ने तथा यसलाई राजस्व संकलन गर्ने कर्मचारीको सहज पहुँचमा राख्ने ।
- करको दायरामा नआएकालाई सूचनामूलक, जनचेतनामूलक कर शिक्षा तथा अन्य कार्यक्रमहरू मार्फत करको दायरामा ल्याउने ।
- बार्षिक रुपमा समय मै कर तिर्ने करदाताहरूलाई केही रकम छुट दिएर पनि कर संकलनलाई प्रभावकारी बनाउदै लैजाने ।
- कर वापतको रकम सोझै बैंक खातामा जम्मा गर्न सकिने गरी कार्यान्वयन गर्ने ।
- कर संकलन सबै वडाबाट गर्न सकिने गरी कार्य गर्ने र सो को विवरण नगरपालिकामा जाने व्यवस्था मिलाउने ।
- आर्थिक ऐनमा भाडाको न्यूनतम मापदण्ड बनाएमा वा प्रतिकोठाको न्यूनतम मूल्यांकन समय सापेक्ष तथा यथार्थपरक बनाएमा पनि कर संकलन यथार्थपरक हुन जान्छ ।

### घ. वित्तिय र पूँजिगत कारोबारमा लाग्ने कर (व्यवसाय कर)

**हालको अवस्थाः** नगरपालिकाको आर्थिक ऐन २०७९ उल्लेख भए अनुसार कारोवारको प्रकृति, व्यापार, व्यवसाय र सेवाका आधारमा व्यवसाय दर्ता तथा कर लगाउने व्यवस्था गरेको छ । आर्थिक ऐनमा व्यवसायको प्रकारको आधार वर्गीकरण गरिएको छ र सोही आधारमा व्यवसायको शुल्क तोकिएको छ ।

**संभावनाः** नगरपालिकाको हालसम्मको तथ्यांक अनुसार विभिन्न प्रकारका सानाठूला व्यावसायहरू संचालन भएका छन् । नगरपालिकामा दर्ता भएका सबै व्यवसाय पनि करको दायरामा आएको देखिंदैन भने कतिपय व्यवसायीहरूले व्यवसाय दर्ता नै नगरी सञ्चालन गरिरहेका छन् । ती व्यवसायहरूलाई करको दायरामा समावेश गर्न सके आगामी आ.व. करको दायरामा आउने साना ठूला व्यावसायवाट उल्लेख्य मात्रामा कर संकलन हुन सक्ने सम्भावना देखिन्छ । नगरपालिकाबाट केही प्रयास भएमा आगामी आ.व.मा नै सबै वा धेरै व्यवसायलाई करको दायरामा ल्याउन सकिने कुरालाई मध्यनजर गर्दै ति व्यवसायबाट राम्रो रकम व्यावसाय कर वापत प्राप्त हुने अनुमान गरिएको छ । त्यसपछिका वर्षहरूमा पनि करको रकम वृद्धि हुँदै जानेछ । स्थानीय सरकार गठन भए पश्चात गाउँपालिका तथा नगरपालिकाहरूले आफ्ना क्षेत्र भित्रका व्यवसायहरूलाई दर्ता तथा नविकरण गर्न सक्ने हुन्छ । यसरी दर्ता भएका विभिन्न व्यवसायहरूले प्रत्येक वर्ष व्यवसाय नविकरण गर्नुपर्ने हुन्छ । त्यसरी नविकरण गर्दा व्यवसाय कर तिरेर आएमा नविकरण हुने व्यवस्था लागू गरी राजस्व संकलन गर्न सकिन्छ । यसरी नविकरण वा व्यसाय कर निर्धारण गर्दा बार्षिक लेखा परीक्षण प्रतिवेदनको आधारमा वा कारोबारको रकम र व्यवसायको प्रकृति तथा छिमेकी गाउँपालिका तथा नगरपालिका एवं समानस्तरका अरु नगरपालिकाहरूले लगाइ रहेको करको दर विश्लेषण गरी सो को आधारमा करको दर तय गर्न सकिन्छ । निर्धारित समयमा जस्तै असोज मसान्तसम्म नविकरण वा व्यवसाय कर तिरेमा केही प्रतिशत छुट गर्ने, असोज मसान्तसम्म पनि भुक्तानी नगरेमा जरिवाना वापत रकम थप गरी असुल गर्न सकिने हुन्छ । नगरपालिकाबाट प्राप्त जानकारी अनुसार यस नगरपालिकाभित्र साना ठूला उद्योग, व्यापार, व्यवसाय, होटल, रेष्टुरेन्ट गरी झण्डै ८०० भन्दा बढी व्यवसाय सञ्चालन भएका देखिन्छ । हाल गणना गर्ने हो भने सो सख्या अझ बढी हुन्छ । १,००० व्यवसायको औसत रु २५०० कर लगाए पनि रु २५ लाख बराबरको कर संकलन हुन सक्छ ।

त्यसै गरी व्यवसाय नविकरण बापत पनि आय गर्न सकिने सम्भावना रहेको छ । व्यवसायीहरूलाई करको दरमा ल्याउने र पुराना व्यवसायलाई नविकरण गर्दा तोकिएको दर अनुसार पनि राम्रो रकम नगरपालिकामा प्राप्त हुने देखिन्छ । तराइका खोला नदीबाट गिट्टी, वालुवा, माटो जस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्कको दर तय गरी करको प्रक्रियामा ल्याउने सके नगरपालिकाको राजस्वमा वृद्धि गर्न सकिने थप सम्भावना पनि छ ।

**सुधारका पक्षहरूः**

नगरपालिकामा व्यवसाय कर पनि मुख्य आयको रुपमा रहेको हुन्छ । यसलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन पालिकाले सुधार गर्नुपर्ने विषयहरू निम्नानुसार रहेको देखिन्छः

- कारोबारको किसिम अनुसार अभिलेख राख्ने । यसरी अभिलेख राख्दा डिजिटल गरी नियमित अद्यावधिक गर्ने व्यवस्था गर्ने तथा यसलाई राजस्व संकलन गर्ने कर्मचारीको सहज पहुँचमा राख्ने ।
- धेरै व्यवसाय दर्ता नगरी सञ्चालन भएकोले करको दायरामा नआएकालाई सूचनामूलक, जनचेतनामूलक तथा अन्य कार्यक्रमहरू मार्फत करको दायरामा ल्याउने ।
- नगरपालिकाबाट व्यवसाय संचालन गरेकै ठाउँमा गई बर्षको एकपटक व्यवसाय दर्ता गराउन कर्मचारी परिचालन गर्ने ।
- बार्षिक रुपमा समय मै कर तिर्ने करदाताहरूलाई केही रकम छुट दिएर पनि कर संकलनलाई प्रभावकारी बनाउदै लैजाने ।
- उत्कृष्ट करदातालाई नगरपालिकाको स्थापना दिवस वा अन्य अवसरमा सम्मानित गर्ने ।
- कर वापतको रकम सोझै बैक खातामा जम्मा गर्न सकिने गरी कार्यान्वयन गर्ने ।

### ङ. विज्ञापन कर

**हालको अवस्थाः** विद्यमान कानुनी व्यवस्था अनुसार नगरपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल आदिमा विज्ञापन कर लगाउन सक्नेछ । यो कर प्रदेश सरकारसंग बाँडफाँड हुने कर हो । यस नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा नगरपालिकाको आर्थिक ऐनमा विज्ञापन कर लगाई असूल उपर गरिने कुरा उल्लेख गरिएको भएता पनि नगरपालिकाले विज्ञापन शीर्षकबाट हालसम्म आम्दानी गरेको देखिदैन ।

**सम्भावनाः** यस नगरपालिका अन्तर्गत राजमार्ग, बजार क्षेत्र, वसपार्क क्षेत्र, सडक छेउ र पर्यटकीय क्षेत्र आसपास साना ठूला होर्डिङ बोर्डहरू तथा भित्ते लेखन कार्य बापत बार्षिक रुपमा राजस्व असुली हुने देखिन्छ ।

**सुधारका पक्षहरूः**

- आर्थिक ऐनमा व्यवस्था भएको हुँदा तुरुन्त कार्यान्वयनमा जाँदा राम्रो ।
- नगरपालिका क्षेत्रमा रहेका विद्यमान विज्ञापन सामग्री सम्बन्धी लगत संकलन गर्ने ।
- विज्ञापन कर व्यबस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।
- कार्यविधि तर्जुमा गर्दा विज्ञापन सामग्रीको आकारका अतिरिक्त विज्ञापनका विषयवस्तुलाई पनि वर्गीकृत गर्ने ।

- विज्ञापन करको अनुगमनलाई प्रभावकारी बनाई सबै विज्ञापन करको दायरामा आउने विषय सुनिश्चित गर्ने ।
- सार्वजनिक जग्गा बाहेक निजी घर र जग्गामा राखिएका विज्ञापन सामग्रीमा समेत कर लगाउने गरी कानूनी व्यबस्था गर्ने ।

### च. जडिबुटी, कवाडी, जीवजन्तु कर

**हालको अवस्थाः** यस शीर्षकमा नगरपालिकाले हालसम्म कुनै कर संकलन गरेको देखिदैन । नगरपालिकाको आर्थिक ऐनमा यस सम्बन्धी व्यवस्था गरेको छ ।

**सम्भावनाः** यस नगरपालिकाका मुख्य बजार तथा अन्य बजार विस्तारै फैलिएको हुनाले कवाडी मालवस्तुको संकलन र निर्यात हुने सक्ने देखिन्छ । त्यसैगरी वन पैदावारको संकलन तथा बिक्री सम्बन्धमा कुनै तथ्यांक नभए पनि सामुदायिक तथा अन्य वन क्षेत्रमा यसको उत्पादन र विक्रीको सम्भाब्यता देखिन्छ । त्यसैगरी जीवजन्तुको हाड, छाला, प्वाख आदिको कारोबार भइरहेको भए पनि त्यसको कुनै अभिलेख छैन । तसर्थ ती कारोबारहरूको लगत संकलन गरी करका दायरामा ल्याउन सकिए राजस्व बढन जान्छ । यस नगरपालिकामा उल्लेखित शीर्षक अन्तर्गत कवाडी सामान निर्यात र जीवजन्तु करबाट आम्दानी हुनसक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- करको दर निर्धारण गर्दा सम्बन्धित विषयमा सरोकारवालाहरूसँग छलफल गरी छिमेकी गाउँपालिका तथा नगरपालिकाहरूको दरसँग मिल्दोजुल्दो हुने गरी करको दर निर्धारण गर्ने ।
- यससँग सम्वन्धित व्यवसायीहरूको दर्ता र अभिलेखीकरण गर्ने ।
- कवाडी वस्तुको व्यवसायिक कारोवारलाई इजाजत प्रदान गरी वार्षिक ठेक्का मार्फत कर संकलन गर्ने ।
- जीवजन्तुको उपलब्धता पत्ता लगाउने ।
- के कति र कसरी कारोवार भएको छ सो को अध्ययन विश्लेषण गर्ने ।
- कर संकलन शुरुवात गर्ने ।

### छ. सवारी साधन कर

हालको कानूनी व्यवस्था अनुसार नगरपालिकाले सिमित सवारी साधन (ईरिक्सा, ठेला गाडा, टाँगा र रिक्सा) हरूको मात्र दर्ता, नवीकरण तथा वार्षिक सवारी कर संकलन गर्न सक्ने अधिकार भएकाले सो को मात्र सम्भावनाको अध्ययन गरिएको छ । यो नगरपालिका मधेशको समथर भुभाग भएको क्षेत्रमा रहेको र ईरिक्सा लगायतका साना सवारीका साधनबाट राजस्व संकलन गर्न सकिने संभावना भएता पनि त्यस किसिमका सवारी साधनहरूको लगत तथा नियमन नभएकाले राजस्व संकलन भई रहेको छैन । नगरपालिकाको आर्थिक ऐनमा सवारी करको दररेट निर्धारण गरिए पनि यस शीर्षकमा हालसम्म कुनै आम्दानी गरेको देखिदैन । आगामी आ.व.बाट नगरपालिका क्षेत्रभित्र संचालन हुने अटो रिक्सा, ईरिक्सा, ठेला तथा घुम्ती पसलहरूलाई करको दायरामा ल्याई कर राजस्व संकलन गर्न सकिन्छ । त्यसैगरी पार्किङ शुल्कलाई आयमा राखिएता पनि त्यस वापत कुनै रकम प्राप्त भएको छैन । नगरपालिकाले बार्षिक सवारी

कर तथा पालिका प्रवेश गर्दा पूर्वाधार सेवा शुल्क तोके पनि कार्यान्वयन भएको पाइदैन तसर्थ त्यसलाई कार्यान्वयन गरेका त्यस किसिमका सवारी साधनबाट आम्दानीको सम्भाव्यता आँकलन गर्न सकिन्छ ।

**सुधारका पक्षहरूः**

नगरपालिकाले साना सवारी कर संकलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छः

- विद्युतीय रिक्सा सम्बन्धी तथ्यांक संकलन गरी नगरपालिकामा दर्ता गराउने ।
- सवारी साधनको दर्ता, नवीकरण, खारेजी, रुट परमिट लगायतका कार्यका लागि आवश्यक कार्यविधि कानुन निर्माण, जनशक्ति व्यबस्थापन र अन्य सम्बद्ध निकायहरूसँग समन्वयको व्यबस्था मिलाउने ।
- करको दर र सम्बन्धित विषयमा सरोकारवालाहरूसँग छलफल गरी छिमेकी पालिकाहरूको दरसँग मिल्दोजुल्दो हुने गरी करको दर निर्धारण गर्ने ।
- इञ्जिनको क्षमता, निर्माण वर्ष आदिको आधारमा मापदण्ड तयार गरी सोको आधारमा करको दर निर्धारण गर्ने ।
- ठाउँ ठाउँमा पार्किङ स्थल निर्माण गरी सो बापतको शुल्क कार्यान्वयन गर्ने ।

## ज. प्राकृतिक स्रोत एवं नदि जन्य पदार्थ तथा निकासी कर

यस शीर्षकमा नगरपालिकाले हालसम्म उल्लेख्य रुपमा कर संकलन गरेको छैन । नगरपालिकाको क्षेत्र भित्रका विभिन्न वडामा सार्वजनिक पोखरी रहेका छन । ती पोखरीहरू मध्ये केही सार्वजनिक पोखरीमा माछा पालन गरिरहेका छन् ।

**सम्भावनाः** यस नगरपालिका तराइको समथर भुभाग भएको कारणले प्राकृतिक तथा नदी जन्य पदार्थहरू सहज रुपमा निकासी गर्न सकिने सम्भावना हुन्छ । तराइका अन्य भागमा बजार तथा वस्ती विकासको क्रम तिब्र भएको कारणले निर्माण सामग्रीको ठूलो माग छ । यसरी हेर्दा गिटी बालुवा निर्माण कार्यको लागि ठूलो माग छ । बालुवा गिटी जस्ता पदार्थहरू बिक्री गरी आम्दानी बढाउन सकिने छ । यस नगरपालिकामा उत्खनन योग्य परिमाणमा बालुवा रहेको छ । सो बालुबा निकासी गरी आय बढाउन सकिने छ ।

त्यसै गरी यस नगरपालिकामा रहेका सार्वजनिक पोखरी भाडामा लगाए वा माछापालन गरेमा राम्रो आयको संभावना देखिन्छ । त्यसै गरी विभिन्न वडामा रहेका ऐलानी जग्गाहरूलाई भाडामा दिने वा नगरपालिका आफैले प्रयोगमा ल्याई आयआर्जनको दीर्घकालिन व्यवस्था पनि गर्न सकिने छ ।

**सुधारका पक्षहरूः**

- प्राकृतिक स्रोत, पोखरी एवं नदिजन्य पदार्थसँग सम्वन्धित व्यवसायीहरूको दर्ता र अभिलेखीकरण गर्ने ।
- वस्तुको व्यवसायिक कारोवारलाई इजाजत प्रदान गरी वार्षिक ठेक्का मार्फत कर संकलन गर्ने ।
- प्राकृतिक स्रोत तथा पोखरी एवं नदि जन्य पदार्थ कहाँ कहाँ कुन मात्रामा छ सो को उपलब्धता पत्ता लगाउने विस्तृत रुपमा लगत संकलन गरी राख्ने ।
- सम्बन्धित विषयमा सरोकारवालाहरूसँग छलफल गरी छिमेकी पालिकाहरूको दरसँग मिल्दोजुल्दो हुने गरी करको दर निर्धारण गर्ने र कार्यान्वयन गर्ने ।
- भएका पोखरीहरूको संरक्षणका लागि आवश्यक व्यवस्था मिलाउने ।

## ३.३.२ गैह्र कर राजस्व

नगरपालिकाले नगरवासी तथा सेवाग्राहीहरूलाई विभिन्न सेवा प्रदान गरेबापत तोकिएको दरमा सेवा शुल्क संकलन गर्न सक्ने प्रावधान अनुरुप राजस्व परामर्श समितिको सिफारिसमा नगरसभाले विभिन्न सेवाहरूको शुल्कको दर निर्धारण गरी सेवा शुल्कहरू संकलन गरिरहेको छ । यसै सन्दर्भमा आगामी आ.व.हरूमा नगरपालिकालाई प्राप्त हुने राजस्व अनुमान गरिएको छ ।

### क. व्यवसाय रजिष्ट्रेशन दस्तुर

**हालको अवस्थाः** हालको कानूनी व्यवस्था अनुसार नगरपालिकाले एफएम रेडियो संचालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका ब्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा ब्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल जस्ता व्यवसायिक संघ संस्थाहरूको दर्ता, नवीकरण गरी सो को दस्तुर संकलन गर्नसक्ने छ । स्थानीय तहहरूको गठनसंगै नगरपालिकालाई यो अधिकार प्राप्त भएको हो । उल्लेखित संघसंस्थाहरू एकपटक नगरपालिकामा दर्ता भईसकेपछि अन्यत्र पुनः दर्ता हुनु पर्दैन । व्यवसाय तथा संघसंस्थाहरू दर्ता भई सकेपछि वार्षिक रुपमा नवीकरण गर्नुका साथै वार्षिक कर पनि तिर्नुपर्ने हुन्छ । नगरपालिकाले आर्थिक ऐनमा व्यवसायको प्रकृति अनुसार फरक फरक व्यवसाय करका दर निर्धारण गरेको छ तर नयाँ दर्ता वा नवीकरण वा वार्षिक कर कुन हो सो बारे केही तोकेको छैन । ति बाहेकका व्यवसाय समयमा कर दाखिला नगरेमा विलम्ब शुल्क समेत निर्धारण गरिएको छ तर आ. ब. सकिएको कति महिनासम्म पनि कर दाखिला नगरेमा जरिवाना लाग्ने भन्ने उल्लेख गरेको छैन ।

**सम्भावनाः** नगरपालिकाको आर्थिक ऐनमा व्यवसाय कर तोकेको भए पनि व्यवसाय रजिष्ट्रेशन दस्तुर वापत वा कर वापत हो प्रष्ट उल्लेख भएको छैन तर व्यवसाय रजिष्ट्रेशन दस्तुर शीर्षकमा रकम संकलन भएको छ । आगामी आ.व.हरूमा पनि व्यवसाय तथा संघसंस्थाहरू दर्ता हुदै जाने तथा अघिल्ला आ.व.हरूमा दर्ता भएकाहरू नवीकरण हुदै जानेछन् । उल्लेखित सम्भावित रजिष्ट्रेशन दस्तुर बापतको आय सम्बन्धित व्यवसायिक संघ संस्था दर्ता गर्दाको आर्थिक वर्षमा दर्ता दस्तुर रकम मात्र संकलन हुने र त्यसपछिका आ.व.मा नवीकरण गर्दा नवीकरण दस्तुर प्राप्त हुने गर्दछ । नगरपालिकाको आर्थिक ऐनमा रजिष्ट्रेशन दस्तुरको दर सँगै नविकरण दर पनि निर्धारण गरी प्रभावकारी कार्यान्वयन गरेमा मात्र आय वृद्धिको सम्भावना सहज तथा प्रष्ट रुपमा गर्न सकिन्छ ।

**सुधारका पक्षहरूः**

- निर्माण व्यवसायी लगाएतका नगरपालिका क्षेत्र भित्रका व्यवसायीहरूलाइ व्यवसाय रजिष्ट्रेशन गर्न उत्प्रेरित हुने कार्य सञ्चालन गर्ने ।
- दर्ता भएका व्यवसायहरूको सुरक्षाको प्रत्याभूति गर्ने ।
- गिट्टी, वालुवा, माटो, जस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क तथा त्यस्ता उद्योगहरूको रजिष्टेशन शुल्कको विशेष दर तय गरी दर्ता प्रक्रियामा ल्याउने ।
- जग्गाको एकिकरण तथा कित्ताकाट गरी गरिने व्यवसायलाई दर्ता प्रकृयामा ल्याउनु पर्ने ।
- खेर गएका सामान वा पदार्थ वा फोहोरबाट मल बनाउने जस्ता प्रकृतिका व्यवसायको करको दर कम गर्ने ।
- चुरोट, पानपराग, गुटका जस्ता स्वास्थ्यलाई हानी गर्ने र वातावरण बिगार्ने खालका व्यवसायको दर्ता तथा करका दर अरु भन्दा बढी हुने गरी करका दर निर्धारण गर्ने ।

### ख. बहाल विटौरी शुल्क

**हालको अवस्थाः** नगरपालिका आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत बहाल विटौरी शुल्क संकलन गर्न सक्ने कानूनी प्रावधान रहेको छ । सार्वजनिक जग्गा, बाटोको छेउछाउका पसल, सार्वजनिक स्थलमा रहेका टहरा, पसलहरू, दैनिक गुद्री बजारबाट बिटौरी कर संकलन गरिरहेको छ । सो सम्बन्धमा नगरपालिकाको आर्थिक ऐनमा बहाल विटौरी शुल्क निर्धारण गरेको छ । तर सो अनुसूचीमा सार्वजनिक स्थानमा भएका पोखरी तथा अन्य सार्वजनिक स्थानहरू प्रयोग गरेको अवस्थामा के गर्ने कति दर निर्धारण गर्ने उल्लेख गरेको छैन । नगरपालिकाको आर्थिक ऐनमा बहाल बिटौरी शुल्क वापत थोरै भए पनि रकम सकलन भएको छ ।

**संभावनाः** बहाल बिटौरी शुल्कका लागि यस नगरपालिकाको सार्वजनिक जग्गा, बाटोको छेउछाउका सार्वजनिक स्थलमा रहेका टहरा, पसलहरूबाट बिटौरी कर संकलन गर्न सक्ने संभावना रहेको छ । यसप्रकार सडक क्षेत्रमा निर्माण भएका टहरा, पसलहरू एवं हाटबजारमा रहेका पसलहरू ऐलानी पर्ति जग्गा तथा नगरपालिकाले निर्माण गरेको सटर बापत नगरपालिकाले निर्धारण गरेको शुल्क उठाउदा पनि उल्लेख्य आय प्राप्त हुने देखिन्छ । तराइका नगरपालिकाहरूमा सार्वजनिक पोखरी बहालमा लिएर माछापालन व्यवसाय गरिरहेका हुन्छन । यस नगरपालिकामा रहेका पोखरीहरूलाई प्रतिस्पर्धामक रुपमा भाडामा दिएर आय संकलन गर्न सकिन्छ । यसलाई प्रभावकारी रुपमा नीतिगत व्यवस्थाका साथ यो कर लागू गर्न सकेमा नगरपालिकालाई त्यस किसिमका जग्गा, संरचनाबाट अझ बढी वार्षिक आम्दानी हुन सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- करको दर निर्धारण गर्दा सबै क्षेत्रलाइ समेटने गरी निर्धारण गर्नुपर्ने ।
- सार्वजनिक, पर्ती र ऐलानी जग्गा तथा त्यस्ता जग्गामा बनेका घर, टहरा तथा अन्य संरचनासम्बन्धी विस्तृत तथ्यांक संकलनलाई अन्तिम रुप दिई बहाल विटौरी शुल्कको दायरामा ल्याउने ।
- जमिनको उपयोग वा कस्तो प्रयोजनमा छ सो अनुसार शुल्कको दर निर्धारण गर्ने ।
- हाट बजारमा हुने पसल तथा व्यापारसम्बन्धी आवश्यक तथ्यांक तथा विवरण संकलन गर्ने ।
- संकलित विवरणका आधारमा पसलहरूको वर्गीकरण गरी स्थान अनुसार विटौरी शुल्कको दर निर्धारण गर्ने र सोही आधारमा ठेक्का अंक कायम गर्ने ।
- पोखरीहरूलाई प्रतिस्पर्धात्मक रुपमा भाडामा दिने व्यवस्था गर्नुपर्ने ।

### ग. सिफारिस तथा प्रमाणित दस्तुर

**हालको अवस्थाः** नगरपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयबाट संकलन गर्दै आएको छ । आर्थिक ऐनको अनुसूचीमा विभिन्न किसिमका सिफारिस तथा प्रमाणित दस्तुरको दर निर्धारण गरेको छ । विभिन्न सिफारिश तथा प्रमाणित दस्तुर वापत नगरपालिकाले राजस्व संकलन गरिरहेको छ । नगरपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुर बापत रकम संकलन भएको देखिन्छ

**सम्भावनाः** यस अन्तर्गत नगरपालिकाले प्रदान गर्ने संघसंस्था सिफारिस, इजाजत सिफारिस, नाता प्रमाणित, ठेगाना प्रमाणित, घरजग्गा नामसारी, घरजग्गाको चारकिल्ला सिफारिस, वैदेशिक कामकाजको लागि सिफारिस चिम्नी इटा भट्टा लगायतका विभिन्न सिफारिसहरू गरेवापत लिईने दस्तुर पर्दछ, जुन नगरपालिकाको प्रमुख आन्तरिक आय मध्येको एक हो । नगरपालिकाले आर्थिक विधेयकमा सिफारिश दस्तुरको दररेट निर्धारण गर्नुका साथै विभिन्न थप शीर्षकहरूमा रकम समेत संकलन गर्न सकिन्छ । आय संकलन वृद्धिका लागि कामको प्रकृति र समय अनुसारको दर रेट निर्धारण गरी लागू गरेमा प्रभावकारी रुपमा राजस्व संकलन हुने अनुमान गरिएको छ ।यसै अन्तर्गत मूल्यांकनका दरहरूको निर्धारण भएमा सो सम्बन्धी राजस्व थप हुन जानेछ ।

**सुधारका पक्षहरूः**

- समय सापेक्ष दस्तुरको दर तय गर्ने ।
- सिफारिश वा प्रमाणित गर्नुपूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने ।
- दस्तुर नबुझाएसम्म सम्वन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- सबै वडा कार्यालयहरूमा कम्प्युटर सफ्टवेयरमा आधारित बिलिङ प्रणालीलाई अनिवार्य बनाउने ।
- नाफा कमाउन खोलेका व्यवसायको सिफरिस गर्दा कामको प्रकृती अनुसारको दर रेट निर्धारण गर्नु पर्ने ।

### घ. नक्शा पास दस्तुर

**हालको अवस्थाः** नगरपालिकाको आर्थिक ऐनमा नक्सापास दस्तुरको दर तोकिएको छ तर नक्सापासको प्रचलन व्यापक रुपले अघि वढेको देखिंदैन । नक्सापास प्रक्रिया शुरु गरिएको र निर्माण भइसकेका घरहरूको समेत नियमन गर्ने तयारी भएको उल्लेख गरिएको छ । नगरपालिका क्षेत्रमा नक्सापास अनुमति नलिइकन बनेका घरहरूको कडाइका साथ अभिलेखीकरण दस्तुर संकलन हुन सकेको देखिदैन । नगरपालिका गठन हुनु पूर्व बनेका घरहरूको पनि अभिलेखीकरण प्रभावकारी रुपमा भएको देखिदैन ।

**सम्भावनाः** नक्सापास नगरपालिकाको नियमित र एक मुख्य आम्दानीको स्रोत मध्ये एक हो । घर नक्सा पास दस्तुर तय गर्दा आर सी सी फ्रेम बनावट घर तथा इटा जडाइ गरी जस्ता छाना भएका घर र कम्पाउण्ड गरी वर्गीकरण गरिएको कारणले राजस्व संकलनका लागि सहज भएको हुन्छ । १२ वटा वडा भएको नगरपालिकामा नक्सा पास वापत माथि उल्लिखित रकम न्यून हो त्यसमा पनि पहाडबाट तराइ मधेस बसाई सराई गर्ने र नयाँ घर बन्ने प्रक्रिया बढि नै छ । त्यसैगरी बैदेशिक रोजगारीमा गएका परिवारले पनि घर बनाउने चलन बढी छ । यस नगरपालिकाबाट  बैदेशिक रोजगारीमा गएका छन । जसअनुसार आगामी आ.व.मा हुन सक्ने नयाँ घरहरूको नक्सा पास र पुराना घरहरूको दर्ता (अभिलेखिकरण) को अनुमानित संख्या र प्राप्त तथ्यांक तथा विगतको आय प्रवृत्तिका आधारमा नक्सापास तथा पुरानो घर अभिलेखीकरण दस्तुर बापत प्राप्त हुने आय वृद्धि गर्न सकिने आँकलन गरिएको छ ।आर्थिक मन्दीको अवस्था सहज भएका र नीति नियमको प्रभावकारी कार्यान्वयन भएमा नक्सा पास वापतको रकम यो भन्दा पनि बढी हुनेछ ।

**सुधारका पक्षहरुः**

- नयाँ बन्ने घरहरूलाई र नक्सापास हुन बाँकी सबै घरलाई नक्सापासको दायरामा ल्याउन अभियान संचालन गर्न।
- आवासीय, व्यवसायिक तथा औद्योगिक प्रयोजनका घरहरूलाई नक्सापास दस्तुरको दरमा विविधता कायम गरी सकेसम्म सानो संरचना निर्माण गर्ने, सिमान्तकृत करदातालाई सहुलियत प्रदान गर्ने ।
- नक्सा पास र घर बहाल कर तथा व्यवसाय करलाई सूचना प्रविधिको उपयोग गरी एक आपसमा आवद्ध गर्ने तथा कर प्रशासन र नक्सापास प्रक्रियालाई सरलीकरण गर्ने ।
- पुराना घरलाई अभिलेखीकरण गर्न उत्प्रेरित गर्ने ।
- जग्गा जमिनको व्यवसाय गर्ने प्रयोजनका लागि हुने जग्गाको नक्सापासका लागि दरको निर्धारण गर्ने र विना स्वीकृती काम गर्न बन्देज गर्ने ।
- कर संकलन कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्ने ।

### ङ. सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय

**हालको अवस्थाः** यस शीर्षकमा नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका भौतिक सम्पत्तिहरू, विभिन्न वडामा सार्वजनिक जग्गामा रहेका घर तथा संरचना, औजार तथा सामग्रीहरू बहालमा दिएर नगरपालिकाले आय गर्न सक्छ । नगरपालिकाले यस शीर्षकमा कुनै पनि रकम संकलन भएको देखिंदैन ।

**सम्भावनाः** नगरपालिकाको स्वामित्वमा भएका सम्पत्तिहरूका बहाल परिचालन सम्बन्धमा प्रयाप्त तथ्यांकहरू नभएता पनि व्यवस्थित रुपमा राजस्व सकलनको काम गरेमा आगामी आ.व.मा राजस्व संकलन हुने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- नगरपालिकाको स्वामित्वमा भएका र बहालमा लगाउन सकिने सम्पत्तिहरूको विवरण एकीन गरी सबै सम्पत्तिको बहाल रकमको दर आर्थिक ऐनमा समावेश गर्ने ।
- नगरपालिकाको सम्पत्ति बहालमा लगाउने सम्बन्धमा कार्यविधि तर्जुमा गरी कार्यान्वयमा ल्याउने ।
- कार्यविधिमा उल्लेखित शर्तहरू पालना भए नभएको आवधिक रुपमा अनुगमन गर्ने ।
- बहाल बापत प्राप्त रकमको केही भाग सोको स्तरोन्नतीमा लगाउने । जसको कारण करको दरमा वृद्धि गरी राजस्व आय बढाउन सकिन्छ ।
- बहाल रकम सिधै बैंकमा जम्मा गर्ने प्रणालीको विकास गर्ने ।
- सम्भाव्य स्थानको पहिचान गरी आवश्यक निर्माण कार्य गर्ने ।
- नगरपालिका भित्रका सार्वजनिक स्थानहरू अरुले अनधिकृत रुपमा प्रयोग गरेका छन छैनन तथ्यांक संकलन गरी त्यस्तो भएमा पालिकाको मातहतमा ल्याउने ।
- बहाल दिदा प्रतिस्पर्धाको आधारमा बढी रकम भएकोलाई दिने व्यवस्था गर्ने।

### च. मनोरञ्जन कर

नगरपालिकाको आर्थिक ऐनमा मनोरञ्जन कर लगाउने र असुल हुने व्यवस्था गरेको छ । यसरी व्यवस्था गरेको भएता पनि यस शीर्षकमा कुनै पनि रकम संकलन भएको छैन । नगरपालिकाले आफ्नो क्षेत्र भित्रका मनोरञ्जन स्थलहरूको लगत तयार गरी आवश्यक नीतिगत निर्णय गरी आय आर्जन गर्न सक्ने सम्भावना रहेको छ । नगरपालिका भित्र पर्यटकीय स्थलको निर्माण गरी प्रवेश शुल्क बापत आय बढाउन सकिने

हुन्छ । त्यसै गरी विभिन्न चाडपर्व, मेला, महोत्सवहरूको आयोजना गरी आय बढाउन सकिने हुन्छ । यस किसिमको करको सम्भाव्यतालाई कार्यान्वयन गर्ने तर्फ लाग्नुपर्ने हुन्छ । यसो गरेमा यसबाट पनि राजस्व संकलन गर्न सकिने सम्भावना देखिएको छ ।

**छ. अन्य विविध आय**

नगरपालिकाले विभिन्न किसिमका फारामहरू बिक्रीबाट प्राप्त आयलाई बिक्री अन्तर्गत राखेको छ भने अन्य विविध आयमा दण्ड जरिवाना, पेश्की फिर्ता, तथा अन्य विविध आयहरू रहेका छन् । त्यस्तै विभिन्न सवारी साधनको पार्किङ शुल्कको व्यवस्था ऐनमा भएको र पार्किङ शुल्कलाई आयमा राखिएता पनि त्यस वापत कुनै रकम प्राप्त भएको छैन । त्यसैगरी शिक्षा क्षेत्रको आय पनि अर्को आम्दानीको स्रोतको रुपमा रहेको देखिन्छ । विभिन्न किसिमका शुल्कहरू, टेन्डर वापतको रकम, फोहोरमैला व्यवस्थापन महसुल, खानेपानी महशुल पनि विविध आयमा पर्दछन । पोल बत्ती शुल्क, प्रदुषण शुल्क, प्रशासनिक निवेदन शुल्क पनि आयका स्रोत हुन सक्दछन् ।

# परिच्छेद चार

## आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था

यस परिच्छेद अन्तर्गत नगरपालिकाको समग्र राजस्व प्रशासनसंग सम्बन्धित आय संकलनको वर्तमान संस्थागत क्षमता र संकलनको अवस्थाका बारेमा विश्लेषण गरिएको छ ।

नगरपालिकाको राजस्वसँग सम्बन्धित क्षमता विश्लेषण गर्दा स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनले पनि नगरपालिकाले तत्काल सुधार गर्नु पर्ने कुरा देखाएको छ ।समग्र प्राप्ताङ्क ७० प्रतिशत छ । जसमा प्रक्रियागत स्थिति सुधार गर्नु पर्ने देखाएको छ ।

क वार्षिक बजेट तथा योजना व्यवस्थापनमा ८१.८२ प्रतिशत अंक भार प्राप्त गरेको छ ।

ख भौतिक पूर्वाधारमा ६९.३८ प्रतिशत अंक भार प्राप्त गरेको छ ।

ग सहकार्य र समन्वयमा ० प्रतिशत अंक भार प्राप्त गरेको छ ।

**चित्र नं. १५ : स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन**









स्रोतः स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन बेब पेज

तसर्थ नगरपालिकाले माथिका सूचकलाई सुधार गर्दा राजस्व परिचालनमा पनि सकारात्मक प्रभाव पर्न जान्छ ।

यसैगरी क्षमता विश्लेषणको अर्को औजार स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कनले पनि सुधार गर्नु पर्ने अवस्था देखाएको छ । जसलाई यहाँ उल्लेख गरिएको छ ।

सूचक ५.१.७ करदातालाई कर सम्बन्धी सूचना वा फारामहरू निःशुल्क रूपमा उपलब्ध गराइएको ।

सूचक ५.१.९.२ सबै वडामा नक्सा पास प्रणाली कार्यान्वयनमा ल्याएको।

सूचक ५.२.१.२ करदाताको सङ्ख्या समेत हरेक वर्ष कम्तीमा १० प्रतिशतले वृद्धि भएको।

सूचक ५.२.२.२ कुल बजेटमा आन्तरिक आयको हिस्सा २० प्रतिशतभन्दा बढी रहेको ।
सूचक ५.३.१ संकलन गरेको राजश्व अर्को दिनभित्र बैङ्कमा जम्मा हुने गरेको। (आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा २७ र स्थानीय तहको आर्थिक कार्यविधि कानुन)
सूचक ५.३.४.२ सामुदायिक वनले वन पैदावारको बिक्रीबापत प्राप्त रकमको १० प्रतिशत रकम स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्ने गरेको । (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२) (ख)
सूचक ५.३.६ गत विगतमा उठाउन बाँकी कुनै बक्यौता राजस्व नरहेको ।

**चित्र नं. १६ : स्थानीय तह वित्तीय सुशासन जोखिम स्वमूल्याङ्कन**




स्रोत: स्थानीय तह वित्तीय सुशासन जोखिम स्वमूल्याङ्कन बेब पेज

उल्लेखित विश्लेषण मूल्याङ्कन अनुसार राजस्व व्यवस्थापन र अनुगमन मूल्याङ्कन तथा लेखापरीक्षणको स्कोर ज्यादै न्यून रहेको छ तसर्थ यी सूचकहरुलाई सुधार गर्नका लागि आवश्यक कार्य गर्नु पर्ने देखिएको छ ।

## ४.१ राजस्व परिचालन सम्बन्धी नीतिहरू

यस नगरपालिकाले राजस्व परिचालन तथा ब्यवस्थापनका लागि छुट्टै नीति तथा कार्यक्रम तयार गरेको पाइदैन । राजस्व परिचालनका लागि यस नगरपालिकाले निम्न बमोजिमका कार्यहरू अबलम्वन गरी अगाडि बढने छ ।

१. नगरपालिकाको कर तथा लेखा प्रणालीलाई चुस्त, दुरुस्त, मितव्ययी तथा पारदर्शी बनाउनका लागि एकीकृत सफ्टवेयरबाट कर तथा लेखा प्रणाली सञ्चालन गरिनेछ ।करदाताले घरमै बसेर पनि तिर्नु पर्ने कर बारेमा जानकारी पाउने गरी सूचना प्रणालीको प्रयोग र सुदृढीकरण गरी सबैको सहज पहुँच हुने गरी अगाडि बढने छ ।
२. कर नियमित र सहज रुपमा बुझाउने वातावरणलाई प्रभावकारी कार्यान्वयन गरी वार्षिक रुपमा तोकिए बमोजिमको कर नियमित रुपमा बुझाउने र धेरै कर तिर्ने करदाताहरूलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाइने छ ।
३. आफ्नो क्षेत्रभित्र रहेका सार्वजानिक पोखरी, खोला, वन, ऐलानी जग्गा तथा अन्य सार्वजनिक सम्पत्तीको लगत तयार गर्ने कार्य अगाडि बढाइनेछ र ति स्रोतहरूको उचित प्रयोग गरी राजस्व संकलन गरिने छ ।
४. नगरपालिकाले आफ्नो क्षेत्रमा लागू गर्न सकिने खालका करका दर समय सापेक्ष तथा अन्य पालिकाहरूको दर विश्लेषण गरी प्रतिस्पर्धी बनाइने छ भने करको दायरा बढाउने नीति अवलम्बन गरिनेछ ।सोको लागि अन्य गाउँ वा नगरपालिका र सरोकारवाला पक्षसँग समन्वय र सहकार्य गर्दै अगाडि बढने नीति अबलम्वन गरिने छ ।
५. नेपालको संविधान र स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकामा दर्ता हुने भनी तोकिएका उद्योग व्यवसायलाई नगरपालिकामा दर्ता गर्ने व्यवस्था मिलाई त्यसको अभिलेखीकरण गर्ने कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।
६. कर संकलन टोली गठन गरि राजस्व संकलन कार्यमा क्रियाशिल गराईनेछ । सो को अनुगमन गर्न राजस्व परामर्श समितिलाई सक्रिय गराइने छ ।
७. नगरपालिका भित्र उद्योग, कलकारखाना खोल्न सहजीकरण गर्ने, प्रोत्साहन गर्ने व्यवस्था मिलाइने छ ।
८. आयआर्जन हुने खालका क्रियाकलापहरू सञ्चालनलाई प्राथमिकतामा राखिने छ ।

## ४.२ आय संकलनको संस्थागत क्षमता (राजस्व शाखा तथा राजस्व प्रशासन)

नगरपालिकाको संगठन स्वरुप हेर्दा राजस्व असुलीका लागि राजस्व असुली शाखा स्थापना गरी नगरपालिकाले आफ्ना दैनिक प्रशासनिक कामहरू अघि बढाई रहेको देखिदैन । अन्य शाखाहरूमा जस्तै राजस्व शाखाको कार्य संचालनका निमित्त छुट्टै प्रर्याप्त स्थान र दक्ष जनशक्तिको अभाव रहेको देखिन्छ । नगरपालिकाले राजस्व असुली कार्यमा कम्प्युटरकृत प्रणाली (कम्प्युटर, प्रिन्टर, विलिङ सफ्टवेयर सहितका) प्रयोगले सेवामा सहजता प्रदान गर्दछ । करदाताको विस्तृत डाटाबेस (Data Base) तयार गर्न सकेमा राजस्व संकलन प्रभावकारी हुनेछ । निवेदन दस्तुर, सिफारिस, पञ्जीकरण दस्तुर, मालपोत भूमिकर लगायतका शीर्षकमा असुल हुने राजस्व वडा कार्यालयबाटै संकलन गर्ने व्यवस्था मिलाउन सकेमा सेवाग्राहीले सहज रुपमा सेवा प्राप्त गर्न सक्ने हुन्छ । त्यसै गरी दर्ता, अनुमति, नवीकरण दस्तुर, नक्सापास लगायतका सेवा भने नगरकार्यपालिका कार्यालयबाटै सञ्चालन गरेमा प्रभावकारी हुन्छ ।

### ४.२.१ राजस्व शाखामा कार्यरत कर्मचारीहरूको विवरण

नगरपालिकाको धेरैजसो आम्दानीका शीर्षकहरूमा वडा कार्यालयहरूबाट राजस्व संकलन गर्ने गरिएको छ । राजस्व शाखाको कामकाज सहजीकरण र सेवा प्रवाहका लागि वडा सचिवहरू कार्यरत रहेकाछन् । राजस्व असुलीका लागि प्रयाप्त मात्रामा भौतिक संरचना, एकीकृत कम्प्यूटर प्रणाली र प्रयाप्त कर्मचारीहरू उपलब्ध हुन नसकेको देखिन्छ ।

### ४.२.२ राजस्व परामर्श समिति

नगर कार्यपालिकामा उपप्रमुखको संयोजकत्वमा राजस्व परामर्श समित गठन गरिएको हुन्छ । समितिका सदस्यहरूमा कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखाको प्रमुख, स्थानीय उद्योग वाणिज्य संघ, घरेलु महासंघका प्रतिनिधहरू समावेश गरिएको छ र आवश्यकता अनुसार बैठकहरू बसी निर्णय गर्ने गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ का अनुसार गाउँपालिका तथा नगरपालिकामा राजस्व सम्बन्धी परामर्शका लागि देहाय बमेजिमको एक स्थानीय राजस्व परामर्श समिति रहने व्यवस्था गरेको छ ।

(क) उपाध्यक्ष वा उपप्रमुख - संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(ग) कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य मध्येबाट एक जना महिला सहित दुई जना सदस्य - सदस्य
(घ) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ वा नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि - सदस्य
(ङ) घरेलु तथा साना उद्योग सम्बन्धी मान्यता प्राप्त संस्थाको नगर वा गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि - सदस्य
(च) कार्यपालिकाको राजस्व महाशाखा, विभाग वा शाखा प्रमुख - सदस्य सचिव

यस नगरपालिकाको राजस्व परामर्श समितिको विवरण यस प्रकार छ ।

*तालिका नं. ६: राजस्व परामर्श समिति विवरण*

| क्र.सं. | नाम | पद | समिति (जिम्मेवारी) |
|---|---|---|---|
| १ | श्री जिवछी देवी साह | नगर उपप्रमुख | संयोजक |
| २ | श्री विजय कुमार महतो | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ३ | श्री राम प्रकाश महासेठ | वडा अध्यक्ष वडा नं ६ | सदस्य |
| ४ | श्री हरिशंकर साह | उ वा संघ अध्यक्ष | सदस्य |
| ५ | श्री जित कुमार साह | राजस्व शाखा प्रमुख | सदस्य सचिव |

स्थानीय तहको राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यमा सहजीकरण तथा समन्वय गरी सबै स्थानीय तहलाई प्रभावकारी योजना तर्जुमा र यसको कार्यान्वयनमा सहयोग पुर्याउने यस समितिको प्रमुख जिम्मेवारी हो । यस समितिको प्रमुख काम, कर्तब्य र अधिकार देहाय बमोजिम रहेकाछन् :

क) सबै स्थानीय तहको राजस्व सुधार योजना तर्जुमाका लागि सरकारी निकायहरू तथा विकास साझेदार संस्थाहरूसँग समन्वय गर्ने,

ख) स्थानीय राजस्व परामर्श समितिका पदाधिकारीहरू तथा राजस्व शाखाका कर्मचारीहरूको लागि क्षमता विकासका लागि समन्वय र सहजीकरण गर्ने,

ग) स्थानीय तहको राजस्व सुधारका प्रयाशहरूबारे अन्तर स्थानीय तह सिकाई आदान प्रदान (Peer learning) का लागि समन्वय र सहजीकरण गर्ने,

घ) स्थानीय तहको राजस्व सुधार कार्ययोजना तर्जुमाका लागि दक्ष जनशक्तिको आपूर्तीलाई सुनिश्चित गर्न आवश्यक समन्वय, सहजीकरण र प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने/गराउने,

ङ) स्थानीय तहको राजस्व सुधार योजनाको मस्यौदा अध्ययन गरी राय सुझाव दिने,

च) राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन कार्यान्वयनका क्रममा प्राप्त सुझावका आधारमा दिग्दर्शनमा आवश्यक परिमार्जनका लागि राय सहितको प्रतिबेदन तयार गर्ने,

छ) स्थानीय तहको राजस्व सुधार योजना तर्जुमा प्रकृयाको अनुगमन गरी पृष्ठपोषण दिने,

ज) स्थानीय तहले स्वीकृत गरेका राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिबेदन संकलन गरी सोको अभिलेखीकरण गर्ने,

झ) राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनमा स्थानीय तहलाई आवश्यक सहज ीकरण गर्ने,

ञ) राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन स्थिति सम्बन्धी नतिजामूलक अनुगमन सूचक तयार गरी सोको आधारमा प्रगति अनुगमन गर्ने,

ट) स्थानीय तहको राजस्व सुधार कार्ययोजना तर्जुमा र कार्यान्वयन अवस्थाको सम्बन्धमा बार्षिक रुपमा समीक्षा गरी सोको प्रतिबेदन मन्त्रालयमा पेश गर्ने,

ठ) स्थानीय तहको राजस्व सुधार सम्बन्धी आवश्यक अन्य कार्यहरू गर्ने ।

समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा अन्य सरोकारवालालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ भने समितिको बैठक सम्बन्धी कार्यविधि पनि सो समिति आफैले निर्धारण गरे बमोजिम हुने व्यवस्था पनि ऐनले गरेको छ ।

### ४.२.3 राजस्व प्रशासनमा सुधार गर्नुपर्ने पक्षहरू

नगरपालिकाले राजस्व प्रशासनसंग सम्बन्धित देहाय बमोजिमको सवालहरूमा प्रयाप्त सुधार गर्नुपर्ने देखिन्छ :

१. प्रर्याप्त स्थान सहितको कोठाको व्यवस्थापन गरी आवश्यक दक्ष कर्मचारी र भौतिक सुविधा सहित कार्यकक्षको व्यवस्था गरी सुदृढ गर्नुपर्ने ।
२. अनलाईन मार्फत राजस्वसम्बन्धी संकलन र अभिलेख राख्ने र करदाताले चाहेको बेला सहज रुपमा अनलाइनबाटै हेर्न र तिर्न सक्ने पोर्टल निर्माण गर्नु पर्ने ।
३. धार्मिक तथा ऐतिहासिक पूर्वाधारहरूको अभिलेखांकन, संरक्षण, प्रवर्द्धन र विकास गरी पर्यटकीय गन्तब्यको रुपमा विकसित गर ी पर्यटन शुल्क लागू गरी संकलनको शुरुवात गर्ने ।
४. सार्वजनिक पोखरीहरू तथा ऐलानी पर्ती जग्गाहरूको पहिचान तथा उपयोग गरी आयआर्जन गर्ने व्यवस्था मिलाउने।
५. सरोकारवालाहरूसंग छलफल एवं सहकार्य गरी व्यवसाय कर सम्बन्धी आवश्यक कार्यविधि तर्जुमा गरी लागू गर्नुपर्ने ।

६. सबै वडाहरूमा करदाता शिक्षा कार्यक्रम प्रभावकारी ढंगले संचालन गर्नुपर्ने ।
७. राजस्व शाखाका कर्मचारीहरुको क्षमता वृद्धिका लागि आवश्यक कार्य गर्ने ।
८. श्रोत अनुमान समिति र राजस्व परामर्श समितिलाई सक्रिय बनाउने।
९. करदातालाई सम्मान तथा कर तिर्न सहज हुने किसिमको वातावरण तयार गर्नुपर्ने देखिन्छ ।
१०. कर तथा शुल्कलाई पारदर्शी बनाई विकास निर्माणमा खर्च भएको प्रत्याभूत गर्न सकिने खालका कृयाकलापहरू गर्नुपर्ने देखिन्छ ।
११. करको दर परिवर्तन गर्दा सुर्ति जन्य तथा मादक पदार्थ र वातावरणीय असर गर्ने खालका व्यवसायलाई अरुभन्दा बढी लगाउने ।
१२. आर्थिक कारोबारलाई प्रभावकारी एवं पारदर्शी बनाउन बैंक खाता मार्फत कारोबार गर्ने वातावरणको निर्माण गर्ने ।
१३. करको दर भन्दा पनि दायरा बिस्तारलाई प्राथमिकता दिने।
१४. कर, शुल्क, महशुल र दस्तुरहरूको करको दर निर्धारण गर्दा छिमेकी गाउँ वा नगरपालिकाहरूसँगको तुलनात्मक अध्ययन गरी गर्ने । करका दरलाई समय सापेक्ष र यथार्थपरक बनाउदै लैजाने ।
१५. करको दर परिवर्तन गर्दा रक्सी, गुटका, खैनी, पराग जस्ता पसलहरूलाई करको दर बढी र किराना जस्ता पसलहरूलाई करको दर कम राख्दा राम्रो हुन्छ ।किनकी सुर्तीजन्य पदार्थको कर दक्षिण एसियामा सबै भन्दा कम नेपालमा छ ।
१६. आन्तरिक राजस्व कार्यालयसंगको समन्वयमा व्यवसाय कर असुलीलाई प्रभावकारी बनाउने ।
१७. आवधिक रुपमा उद्योगी तथा व्यवसायीहरूसँग कर राजस्वसम्बन्धी विषयमा छलफल तथा अन्तरक्रिया गर्ने ।
१८. प्रदुषण गर्ने खालका व्यवसाय भएमा प्रदुषण वापतको प्रदुषण कर लगाउने ।
१९. नक्सापास प्रकृयालाई अनिवार्य, व्यवस्थित एवं सरलिकृत गर्दै यसबाट आय स्रोत वृद्धिमा ध्यान दिनु पर्ने र भौगोलिक सूचना प्रणाली र राजस्व शाखा बीच निकटतम सम्वन्ध स्थापना गर्ने । साथै नक्सा पास विवरण, बहालकर र ब्यवसाय करलाई समेत कम्प्युराइज्ड गर्ने । पुराना घरहरूलाई न्यूनतम शुल्क लिई अभिलेखीकरण गर्ने ।

## ४.३ नगरपालिकाको आन्तरिक आय परिचालन

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले नगरपालिकालाई उपलब्ध गराएको वित्तीय अधिकार अनुकुल राजस्व परिचालनमा सुधार ल्याउनको लागि करको दरमा हेरफेर गरी तत्काल थप तथा योजनाबद्ध प्रयास थाल्नुपर्ने देखिन्छ । यस नगरपालिकाको स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन अनुसार कुल बजेटमा आन्तरिक आयको हिस्सा २० प्रतिशत भन्दा बढी रहेका भन्ने सूचकमा ० प्रतिशत अंकभार प्राप्त गरेको छ । तसर्थ यस नगरपालिकाले आन्तरिक आय बढाउन उल्लेख्य रुपमा काम गर्नु पर्ने हुन्छ । नगरपालिकाले राजस्व परिचालनका लागि तत्काल सम्बोधन गर्नुपर्ने संस्थागत सवालहरू देहाय बमोजिम रहेका छन् :

### ४.३.१ कानूनी तथा नीतिगत व्यवस्था

नेपालको संविधान तथा संघीय कानुनले प्रदान गरेका राजस्व अधिकारसम्बन्धी प्रावधानहरूको व्यवस्थित कार्यान्वयन र राजस्व परिचालनका लागि करको दायरा तथा दरमा परिमार्जन गरी विनियोजन ऐन, आर्थिक

ऐन, नियमावली तथा विभिन्न कार्यविधिहरू समयमै अद्यावधिक गरी नगरसभाबाट पारित गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । करको दर निर्धारण गर्दा सरोकारबालाहरूलाई समावेश गरी नीतिगत प्रस्टता र यथार्थ परक हुने गरी अद्यावधिक गर्दै जानु पर्दछ ।

### ४.३.२ उपयुक्त संगठन निर्माण

मानव स्रोतको व्यवस्था, क्षमता विकास तालिम, कम्प्युटरीकृत राजस्व अभिलेख तथा सूचना प्रणाली सहित राजस्व परिचालनका लागि सुदृढ तथा छुट्टै राजस्व शाखाको व्यवस्था गर्नुपर्ने देखिन्छ । साथै वडा कार्यालयलाई केही शीर्षकहरूमा राजस्व असुलीको जिम्मेवारी दिइएकोले वडाका कर्मचारीहरूलाई आवश्यक तालिम दिई दक्ष बनाउनु पर्ने देखिन्छ । नगरपालिकामा छुट्टै राजस्व शाखा र सो शाखामा प्रयाप्त दक्ष जनशक्तिको व्यवस्था गर्नुपर्ने देखिन्छ ।कर्मचारीहरुलाई आवश्यक पृष्ठपोषण तथा उत्प्रेरणा हुने खालका कृयाकलापहरु गर्नु पर्ने हुन्छ । नगरपालिकाको राजस्व परामर्श समितिलाई थप कृयाशिल बनाउनु आवश्यक हुन्छ ।

### ४.३.३ तथ्याङ्कमा आधारित अभिलेख तथा स्रोतहरूको प्राथमिकीकरण

नगरपालिकाले आर्थिक ऐनमा व्यवस्था गरी लागू गरेको करको दायरा र दर रेटले सबै क्षेत्रलाई समेट्न नसकेकोले नगरपालिकाले संकलन गर्न सक्ने विभिन्न कर तथा गैह्र करका दायरा तथा दरहरूको विवरण अद्यावधिक गर्नुपर्ने देखिन्छ । आगामी दिनहरूमा नयाँ स्रोतहरूको पहिचान तथा विद्यमान स्रोतहरूको दायरा विस्तार गर्दै राजस्व परिचालन चुस्त दुरुस्त पार्नु पर्दछ । अभिलेखहरू कम्प्युटराइज्ड र प्रविधि मैत्री बनाउनु पर्ने देखिन्छ । तथ्याङ्कमा आधारित अभिलेख तयार गर्दा कारोबार हुने निकायसँग समन्वय गरी कारोबारको विवरण स्वतः अद्यावधिक हुने खालको प्रणाली विकास गर्नु पर्ने ।

### ४.३.४ विभिन्न आयमूलक कार्यक्रम

नगरपालिकाले आफ्नो आन्तरिक आय वृद्धिका लागि विभिन्न संघ संस्थाहरूसंग समन्वय गरी विभिन्न किसिमका युवा अभिमुखीकरण, सीपमुलक तथा आयमुलक कार्यक्रमहरू संचालन गरी नगरपालिकामा ठुलो संख्यामा रहेका महिला तथा युवा जनसंख्यालाई उद्यमी वा अन्तर उद्यमीको रुपमा रुपान्तरण गरी नगरपालिकावासीहरूको कर तिर्न सक्ने क्षमता अभिवृद्धि गर्नुपर्ने हुन्छ । यसका लागि विद्यमान सम्पत्तिको परिचालन गरी व्यवसायिक सेवामुलक तथा आयमूलक कार्यक्रमहरू पनि सञ्चालन गर्न नीजि क्षेत्रसंग समन्वय गर्न आवश्यक देखिन्छ । घरेलु तथा साना उद्योग विकास समितिसंग समन्वय गरी लघु साना एवम मझौला उद्यमीहरूको सृजना गर्नुपर्ने देखिन्छ । नगरपालिका क्षेत्रमा संचालित व्यापार, पर्यटन, कृषि र व्यवसाय लगायतका थप आयमुलक कार्यक्रमहरू संचालन गर्नुपर्ने देखिन्छ । यस नगरपालिका तराइको समथर र मलिलो माटोबाट बनेकाले यहाँ खेती योग्य जमिन प्रशस्त भएका कारण कृषि सम्बन्धी आय आर्जनका काम तथा व्यवसाय गर्न पहल गर्नु पर्ने हुन्छ । प्रदेश सरकारले पनि आफ्नो आवधिक योजनामा विभिन्न किसिमका आयमूलक काम गर्ने रणनीति लिएको हुँदा प्रदेश सरकारसँग समन्वय गरी कार्य गरेमा प्रभावकारी हुन सक्ने छ । आयमूलक कार्यक्रमसँगै उत्पादनको बजारीकरणमा पनि सहयोग पुर्याउन आवश्यक पहल गर्नु जरुरी हुन्छ ।

### ४.३.५ पारदर्शिता र जवाफदेहिता

प्रभावकारी राजस्व प्रशासनका लागि नगरपालिकाले प्रदान गर्ने वस्तु तथा सेवा गुणस्तरीय, पारदर्शी र नागरिकप्रति जवाफदेही हुन आवश्यक छ । जुन शीर्षकबाट आयआर्जन भएको हो सोही शीर्षकमा नै बढी खर्च गर्दा नगरपालिकावासीहरूमा राम्रो सन्देश जान सक्दछ । संकलित राजस्व तथा खर्चको सार्वजनिक गर्नु पारदर्शिता अभिवृद्धिका लागि राम्रो प्रयास हुन सक्दछ । बैक मार्फत राजस्व संकलन गर्ने परीपाटी बसालेमा थप पारदर्शिता हुनेछ । निश्चित अबधी तोकेर सार्वजनिक सुनुवाई, अन्तरक्रिया, नगरपालिका बुलेटीन जस्ता कार्यक्रमहरू सञ्चालन गरेका पनि करदातालाइ विश्वस्त पार्न सकिने हुन्छ ।

## ४.४ राजस्व परिचालनमा रहेका सवालहरू

उपरोक्त व्यवस्थालाई मध्यनजर गर्दा नगरपालिकाको हालको राजस्व परिचालनका सम्बन्धमा निम्न सवालहरू विद्यमान रहेको देखिन्छ :

१. राजस्व प्रशासनमा दक्ष कर्मचारी कमी हुनु ।
२. करदाताहरुसँग सम्बन्धित तथ्यांकहरू नहुन र भएका पनि अद्यावधिक नहुनु । सूचना प्रविधिको प्रयोगमा कमी हुनु ।
३. ऐन कार्यान्वयनको अवस्था कमजोर हुनु ।
४. राजस्व असुलीमा राजनैतिक प्रतिवद्धता नदेखिनु ।
५. नयाँ स्रोतहरूको पहिचान र विद्यमान स्रोतहरूको दायरा विस्तारमा विशेष पहल नहुनु ।
६. करदाताहरूलाई जनचेतना तथा जानकारी प्रदान गर्ने खालका कार्यक्रम एवं अभियान कम हुनु ।
७. कर तथा शुल्ककको पारदर्शिमा करदाता वि‍श्वस्त नहुनु ।
८. राजस्व प्रशासनसम्बन्धी सबै आवश्यक ऐन, नियम तथा कार्यविधिहरू तयार नहुनु ।
९. करदातालाइ पालिकाले वित्तीय अनुशासन कायम गरेको कुराको जानकारी वा विश्वास कम हुनु ।
**सेवा ग्राही सन्तुष्टि सर्वेक्षण प्रतिवेदन २०७८/७९**
**अन्तरक्रियाको ४. नं. बुँदामा स्थानीय समुदायले भौतिक निर्माण, कृषि र करमा आफ्नो असन्तुष्टि जारी गरे । नं. ७ अनुसार व्यापारी तथा स्थानीय समुदायले करको रकमलाई सो अनुसारको सुविधामा खर्च गरियोस भन्ने अवधारण प्रस्तुत गरेको पाइयो ।**

# परिच्छेद पाँच

# राजस्व सुधार कार्ययोजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागितामूलक छलफलबाट नगरपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । नगरपालिकाको राजस्व सम्बन्धी अधिकार, करको दायरा, दररेट सम्बन्धी सरोकारवालाहरूसँगको छलफलमा राजस्व सुधारका क्षेत्रहरूको पहिचान गरी निश्चित समयावधिमा गरिने जिम्मेवारी सहितको सुधारका क्रियाकलापहरू देहाय बमोजिम रहेको छ । यस कार्ययोजनामा प्राथमिकताका आधारमा मुख्य मुख्य र बढी आय भएका कर मात्र उल्लेख गरिएको छ । कतिपय करहरु ति करमा नै संलग्न भएर आएका छन जस्तै सवारी कर अन्तर्गत पार्किङ्ग शुल्क । अन्य विभिन्न दस्तुर तथा शुल्कहरु संकलन भएको र सेवाका आधारमा संकलन हुने हुँदा यहाँ भिन्दै उल्लेख गरिएको छैन ।

*तालिका नं. ७: राजस्व सुधार कार्ययोजना*

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | लक्ष्य | समयावधि | जिम्वेवारी |
|---|---|---|---|---|
| | **क. कर तथा गैह्र कर राजस्व** | | | |
| **सम्पत्ति कर भूमिकर मालपोत** | ▪ करको दर तय गर्दा घरको बनोट, प्रयोजन र मूल्यांकन अनुसार फरक फरक हुने गरी निर्धारण गर्नुपर्ने र सो कार्यान्वयनका लागि कार्यविधि तयार गरी नगरसभा वा कार्यपालिकाबाट पारित गर्ने ।<br>▪ भूमि वापतको करको दर निर्धारण गर्दा भौगोलिक अवस्था, जग्गाको प्रकृति, उपभोगको अवस्था (खेतियोग्य वा व्यवसायिक प्रयोजन), सुगमता, बाटो, पहुँचमा सहजता, ग्रामिण तथा शहरी क्षेत्र जस्ता कुराहरूले जग्गाको मूल्यांकनमा फरक हुने र सोही आधारमा गर्ने । | प्रत्येक वर्ष १ पटक<br><br>प्रत्येक वर्ष १ पटक | २०८० असार मसान्त सम्म | प्रमुख प्रशासकीय अधिकृत<br>राजस्व परामर्श समिति<br>नगर सभा, वडा कार्यालय |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | लक्ष्य | समयावधि | जिम्वेवारी |
|---|---|---|---|---|
| | ▪ राजस्व शाखा अन्तर्गत रहने गरी सम्पत्ति कर इकाईको स्थापना तथा भौतिक सुविधाको व्यवस्था गर्ने ।<br>▪ सम्पत्तिकरका लागि मालपोत कार्यालयसँग समन्वय गरी लगत अद्यावधिक गर्ने । | प्रत्येक वर्ष कम्तिमा १ पटक<br>प्रत्येक वर्ष कम्तिमा २ पटक | २०८० असोज मसान्त सम्म र आवश्यकता अनुसार निरन्तर | प्रमुख प्रशासकीय अधिकृत राजस्व शाखा, वडा कार्यालय |
| | ▪ नगरपालिकाका सबै सम्भावित करदाताको लगत संकलन गर्ने ।<br>▪ नक्सा पास गरी बनेका र नक्सा पास नगरी बनेका घरको लगत प्रष्ट राख्ने । | शुरुमा १ पटक र निरन्तर | | राजस्व शाखा, वडा कार्यालय |
| | ▪ सम्पत्ति कर र मालपोत (बक्यौता समेत) असुल गर्नको लागि सबै वडाहरूमा नै असुली गर्ने व्यवस्था मिलाउने । | निरन्तर<br>पहिलो वर्षा बक्यौताको कम्तिमा ५०% | २०८० श्रावण १ देखि निरन्तर | |
| | ▪ नगरपालिका भित्रका जनसमुदायलाई राजस्व सम्बन्धी जनचेतना जगाउने खालका कृयाकलापहरू सञ्चालन गर्ने ।<br>▪ सम्बन्धित करदाताको सम्पति मुल्यांकन यथार्थपरक बनाउन घर र बाटोको डिजिटल नक्सांकन गरी नियमित अद्यावधिक गर्ने व्यवस्था गर्ने तथा यसलाई राजस्व संकलन गर्ने कर्मचारीको सहज पहुँचमा राख्ने । | प्रत्येक वडामा वर्षमा २ पटकका दरले<br>शुरुमा १ पटक तयार गर्ने र वर्ष भरी नै निरन्तर गरिरहने | २०८० श्रावण १ देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत, वडा कार्यालय |
| | ▪ सम्पत्ति कर प्राप्त भए नभएको सम्बन्धमा अनुगमन गर्ने र सोको बारेमा भएका कठिनाइहरू पत्ता लगाइ निराकरणको काम गर्ने । | निरन्तर गरिरहने | निरन्तर | नगरकार्यपालिका,<br>राजस्व परामर्श समिति |
| | ▪ अन्य पालिकाले गरिरहेको राजस्व परिचालन सम्बन्धी अध्ययन तथा अवलोकन गर्ने | प्रत्येक वर्ष कम्तिमा १ पटक | २०८० पुस मसान्त सम्म | नगरकार्यपालिका, प्रमुख प्रशासकीय अधिकृत, राजस्व शाखा |
| | ▪ नगरपालिका भित्र रहेका ब्यवसायीहरूको तथ्यांक अध्यावधिक गर्ने । यसरी अध्यावधिक गर्दा दर्ता भए नभएको तथा व्यवसाय कर तिरे नतिरेको समेत आउने गरी अध्यावधिक गर्ने । | शुरुमा १ पटक तयार गर्ने र वर्ष भरी नै निरन्तर गरिरहने | २०८० मंसिर मसान्त सम्म | राजस्व शाखा वडा कार्यालयहरू |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | लक्ष्य | समयावधि | जिम्वेवारी |
|---|---|---|---|---|
| **व्यवसाय कर** | ▪ कर तिर्न बाँकी व्यवसायीहरूको हालसम्मको सबै बक्यौता रकमको विवरण तयार गरी सम्बन्धित वडामा असुलीका लागि पठाउने । | | | |
| | ▪ दर्ता नभएका ब्यवसायीलाई नगरपालिकामा दर्ताको लागि सार्वजनिक सञ्चार माध्यम मार्फत सूचना जारी गर्ने । | शुरुमा १ पटक तयार गर्ने र वर्ष भरी नै निरन्तर गरिरहने | २०८० श्रावण देखि | प्रमुख प्रशासकिय अधिकृत, राजस्व शाखा, राजस्व परामर्श समिति, वडा कार्यालय |
| | ▪ ब्यवसायीहरूलाई करसम्वन्धी सवै वडाहरूमा १ दिने सचेतना अभिमुखीकरण आयोजना गर्ने । | शुरुमा १ पटक तयार गर्ने र वर्ष भरी नै निरन्तर गरिरहने | | |
| | ▪ व्यवसाय दर्ता भए नभएको अनुगमन गरी दर्ता गर्न लगाउने र घुम्ती कर संकलन कार्य गर्ने । | निरन्तर गरिरहने प्रक्षेपित रकम बराबर | निरन्तर, | नगरसभा, राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत |
| | ▪ व्यवसाय कर शीर्षकमा हालसम्म कुनै रकम आम्दानी गरेको देखिंदैन । तसर्थ यस बारेमा आवश्यक कार्य तुरुन्तै गर्ने । | शुरुमा १ पटक तयार गर्ने र वर्ष भरी नै निरन्तर गरिरहने | २०८० असार देखि निरन्तर | प्रमुख प्रशासकिय अधिकृत, राजस्व शाखा, राजस्व परामर्श समिति, वडा कार्यालय |
| **सवारी कर** | ▪ विद्युतीय रिक्सा सम्बन्धी तथ्यांक संकलन गरी पालिकामा दर्ता गराउने ।<br>▪ दर्ता नवीकरणको प्रकृया अगाडि बढाई कर संकलन गर्ने ।<br>▪ अन्य साना सवारीको लगत अध्यावधिक गर्ने र करको दायरमा नभएकालाई दायरामा ल्याउने।<br>▪ ठाउँ ठाउँमा पार्किङ स्थल निर्माण गरी सो बापतको शुल्क कार्यान्वयन गर्ने । | वर्ष भरी नै निरन्तर गरिरहने<br><br>प्रक्षेपित रकम बराबर | २०८० श्रावण १ देखि | प्रशासन शाखा,<br>वडा कार्यालयहरू |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | लक्ष्य | समयावधि | जिम्वेवारी |
|---|---|---|---|---|
| **घर वहाल कर** | ▪ वहालमा दिने घरधनीहरूको विवरण वडा कार्यालय मार्फत अध्यावधिक गर्ने ।<br>▪ आर्थिक ऐनमा भाडाको न्यूनतम मापदण्ड बनाएमा वा प्रतिकोठाको न्यूनतम मूल्यांकन समय सापेक्ष तथा यथार्थपरक बनाउने ।<br>▪ करको दायरामा नआएकालाई सूचनामूलक, जनचेतनामूलक तथा अन्य कार्यक्रमहरू मार्फत करको दायरामा ल्याउने । | शुरुमा १ पटक तयार गर्ने र वर्ष भरी नै निरन्तर गरिरहने | २०८० पौष मसान्त भित्र<br>निरन्तर | नगरसभा, राजस्व परामर्श समिति, प्रमुख प्रशासकीय अधिकृत प्रशासन शाखा, वडा कार्यालय |
| **जडीबुटी, कवाडी, जिवजन्तु कर** | ▪ यससँग सम्वन्धित व्यवसायीहरूको दर्ता र अभिलेखीकरण गर्ने ।<br>▪ कवाडी कारोवार गर्ने, जीवजन्तु निकासी वा पैठारी गर्नेहरूसँग राजस्व परामर्श समितिमा छलफल गरी उचित दर निर्धारण गरी कर संकलन गर्ने । | शुरुमा १ पटक तयार गर्ने र वर्ष भरी नै निरन्तर गरिरहने | २०८० असार मसान्त देखि निरन्तर | प्रमुख प्रशासकिय अधिकृत, राजस्व शाखा, राजस्व परामर्श समिति, वडा कार्यालय |
| **वहाल विटौरी शुल्क** | ▪ सार्वजनिक जग्गा, ऐलानी जग्गामा रहेका घरहरूको सम्बन्धमा आवश्यक छलफल गरी करको शुल्क तोक्ने ।<br>▪ सार्वजनिक स्थानमा भएका पोखरी लगाएतका स्थानको अभिलेखीकरण गर्ने ।<br>▪ प्राकृतिक स्रोत, पोखरी एवं नदि जन्य पदार्थसँग सम्वन्धित व्यवसायीहरूको दर्ता र अभिलेखीकरण गर्ने ।<br>▪ वहाल विटौरी लगाउन सकिने क्षेत्रहरूको निर्धारण गर्ने<br>▪ पोखरी लगायतका सार्वजनिक जग्गाहरू वार्षिक ठेक्का लगाई शुल्क असुली गर्ने ।<br>▪ सार्वजनिक पोखरीहरूको संरक्षणका लागि आवश्यक व्यवस्था मिलाउने ।<br>▪ हाट बजारमा हुने पसल तथा व्यापारसम्बन्धी आवश्यक तथ्यांक तथा विवरण संकलन गर्ने । | शुरुमा १ पटक तयार गर्ने र वर्ष भरी नै निरन्तर गरिरहने<br>प्रक्षेपित रकम बराबर<br>वार्षिक १ पटक | २०८० असोज मसान्त सम्म र निरन्तर | प्रमुख प्रशासकिय अधिकृत, राजस्व शाखा, राजस्व परामर्श समिति, वडा कार्यालय |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | लक्ष्य | समयावधि | जिम्वेवारी |
|---|---|---|---|---|
| | ▪ गुद्री बजारको लगत तयार गरी कारोवारको प्रकृति र कारोबारको रकमका आधारमा कर निर्धारण गरी असुल गर्ने । | | | |
| **व्यवसाय रजिष्ट्रेसन दस्तुर** | ▪ रजिष्ट्रेसन गर्नुपर्ने व्यवसाय तथा संघसंस्थाहरूको विवरण संकलन तथा अध्यावधिक गर्ने ।<br>▪ जग्गाको एकिकरण तथा कित्ताकाट गरी गरिने व्यवसायलाई दर्ता प्रकृयामा ल्याउने ।<br>▪ वडास्तरीय कर शिविरहरू संचालन गर्ने । | शुरुमा १ पटक तयार गर्ने र वर्ष भरी नै निरन्तर गरिरहने<br>प्रत्येक वडामा कम्तिमा वर्षको २ वटा | २०८० साउन १ देखि | प्रमुख प्रशासकिय अधिकृत, राजस्व शाखा, राजस्व परामर्श समिति, वडा कार्यालय |
| **अचल सम्पत्ति मूल्यांकन शुल्क** | ▪ सम्पत्ति कर र अचल सम्पत्ति मूल्यांकन अभिलेखलाई एकत्रित गर्ने ।<br>▪ मूल्यांकन शुल्क दर आवश्यक मात्रामा पुनरावलोकन गर्ने । | शुरुमा १ पटक तयार गर्ने र वर्ष भरी नै निरन्तर गरिरहने | २०८० साउन १ देखि | प्रमुख प्रशासकिय अधिकृत, नगरकार्यपालिका, राजस्व शाखा, राजस्व परामर्श समिति,<br>वडा कार्यालय |
| **पर्यटन सेवा शुल्क** | ▪ नगरपालिका भित्र भएका ऐतिहासिक, पर्यटकिय तथा अन्य धार्मिक स्थलहरूको संरक्षण गर्ने ।<br>▪ ति क्षेत्रहरूको प्रचार प्रसार, विकास तथा सेवाहरूको व्यवस्थापन गरी पर्यटन शुल्क लगाउने । | शुरुमा १ पटक तयार गर्ने र वर्ष भरी नै निरन्तर गरिरहने | निरन्तर | राजस्व शाखा<br>प्रशासन शाखा<br>नगरकार्यपालिका |
| **पुर्वाधार उपयोग शुल्क** | ▪ नगरपालिकाले निर्माण गरेका संरचना वा हस्तान्तरण भई आएको बाटो, धर्मशाला, सभागृहहरू लगायतमा शुल्क निर्धारण गरी उपयोग शुल्क लगाउने र असुल गर्दै जाने । | शुरुमा १ पटक तयार गर्ने र वर्ष भरी नै निरन्तर गरिरहने<br>प्रक्षेपित रकम बराबर | २०८० साउन मसान्त सम्म र निरन्तर | नगरकार्यपालिका, राजस्व परामर्श समिति, राजस्व शाखा |
| **नक्सा पास दस्तुर** | ▪ घर, टहरा, कम्पाउण्ड नक्सापास दस्तुर कडाईका साथ अनिवार्य गर्नुपर्ने । | वर्ष भरी नै निरन्तर गरिरहने<br>प्रक्षेपित रकम बराबर | निरन्तर | वडा कार्यालय, नक्सापास शाखा, नगर कार्यपालिका |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | लक्ष्य | समयावधि | जिम्वेवारी |
|---|---|---|---|---|
| | ▪ जग्गा जमिनको व्यवसाय गर्ने प्रयोजनका लागि हुने जग्गाको नक्सापासका लागि दरको निर्धारण गर्ने र विना स्वीकृति काम गर्न बन्देज गर्ने ।<br>▪ आवासीय, व्यवसायिक तथा औद्योगिक प्रयोजनका घरहरूलाई नक्सापास दस्तुरको दरमा विविधता कायम गरी सकेसम्म सानो संरचना निर्माण गर्ने सिमान्तकृत करदातालाई सहुलियत प्रदान गर्ने । | | | |
| | ▪ नक्सा पास दस्तुरलाई छिमेकी गाउँ वा नगरपालिकाहरूसँग तुलना गरी परिमार्जन गर्ने ।<br>▪ नियमित अनुगमन र दण्ड जरिवाना लगाउने । | शुरुमा १ पटक तयार गर्ने र वर्ष भरी नै निरन्तर गरिरहने | २०८० साउन मसान्तसम्म | नगर कार्यपालिका, राजस्व परामर्श समिति, नक्सापास शाखा, राजस्व शाखा |
| | ▪ पुराना घरहरूको अभिलेखिकरण प्रकृयालाई निरन्तरता दिने । | वर्ष भरी नै निरन्तर गरिरहने कम्तिमा ३०० घर | निरन्तर | नक्सा शाखा |
| **अन्य** | ▪ विभिन्न सेवा शुल्कहरूका दर निर्धारण, परिमार्जन गरि सेवा शुल्क लिने ।<br>▪ करका नयाँ क्षेत्रमा करको दर निर्धारण गर्ने ।<br>▪ | वार्षिक १ पटक तयार गर्ने र वर्ष भरी नै निरन्तर गरिरहने | २०८० असार देखि निरन्तर | नगर सभा, राजस्व परामर्श समिति, राजस्व शाखा, वडा कार्यालयहरू |
| | **ख. नयाँ क्षेत्र पहिचान तथा परिचालन** | | | |
| **सार्वजनिक सम्पत्तिको अभिलेखिकरण तथा परिचालन** | ▪ नगरपालिकाक्षेत्र भित्रका सार्वजनिक जग्गाहरू, सार्वजनिक स्थलहरू, रुखबिरुवा अभिलेखीकरण गर्ने, संरक्षण तथा सम्बर्द्धन गर्ने, सोको परिचालन संभाव्यता अध्ययन गर्ने ।<br>▪ नगरपालिका भित्रका सार्वजनिक स्थानहरू अरुले अनधिकृत रुपमा प्रयोग गरेका छन/छैनन तथ्यांक संकलन गरी त्यस्तो भएमा नगरपालिकाको मातहतमा ल्याउने । | शुरुमा १ पटक तयार गर्ने र प्रत्येक वर्ष नै निरन्तर गरिरहने | २०८० असोज मसान्तसम्म | प्रमुख प्रशासकिय अधिकृत नगर कार्यपालिका, नगर सभा सम्बन्धित वडा कार्यालयहरू |

| सुधारका क्षेत्रहरू | सुधारका क्रियाकलापहरू | लक्ष्य | समयावधि | जिम्वेवारी |
|---|---|---|---|---|
